IMPERIAL Business College
IMPERIAL BUSINESS COLLEGE
Affiliated to Pokhara University
ADMISSION
NOW OPEN
BHCM
Bachelor of Healthcare Management
(Hospital Management)
BBA
Bachelor of Business Administration
01-4438293, 01-4419306
Hattisar, Kamaladi, Kathmandu

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com

पसिनाको मूल्य महिलाको
अधिकार, पहिचान
सहितको पहुँच
दीर्घकालिन आधार ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ चैत १४ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 March 27 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २११

## श्रेस्ता च्यातिएपछि मालपोत पर्सामा विवाद

प्रस, परवानीपुर, १३ चैत/

मालपोत कार्यालय, पर्साका प्रमुख कमोद तिवारीलाई सेवाग्राहीले कुट्ने प्रयास गरेका छन् । शुक्रवार बिहान ११ बजे सेवाग्राहीको समूह उनको कार्यकक्षमा कुट्न पुगेपछि कर्मचारीहरूले उनलाई बचाएका थिए ।

वीरगंज–१८ भवानीपुर माइती भई पतिको घर कलैया उपमहानगरपालिका–१८ बस्ने रीतादेवी लोहारिनको नाममा जारी भएको लालपुर्जाको श्रेस्ता च्यातिएको पाएपछि उनका आफन्तजनले कार्यालय प्रमुख तिवारीलाई कुटपिट गरी दुर्व्यवहार गरेका थिए तर सोही समयमा केही कर्मचारीले उनलाई बचाएपछि उनको ज्यान जोगिएको थियो । साबिक भवानीपुर–४, कित्ता नं ४२६ को ८ कट्ठा साढे १२ धुर र कित्ता नं ४२७ को ३ कट्ठा ८ धुर जग्गाको श्रेस्ता भवानीपुर मोठको ढड्डामा नभेटिएपछि मालपोत कार्यालय, पर्सामा विवाद भएको थियो ।

जग्गाधनी लोहारिनका पति विन्देश्वरी ठाकुर लोहारले महागढीमाई नगरपालिकाको बरियापुरस्थित एनआइसी एशिया बैंकको शाखाबाट ३ कट्ठा ८ धुर जग्गा (घडेरी) धितो राखेर रु ५० लाख ऋण लिने प्रक्रिया चालेका थिए । सोही सन्दर्भमा आज बैंकको रोक्का चिठी लिएर मालपोतमा पुग्दा श्रेस्ता च्यातिएको पाइएपछि विवाद भएको थियो ।

यस विषयमा कार्यालय प्रमुख तिवारीले कर्मचारी तथा लेखनदासको मनपरीले मोठबाट श्रेस्ता च्यातिंदै आएकोमा सोको छानबिन भइरहेको बताए । उनले भवानीपुर गाविसमा पर्ने मोठका कर्मचारीहरू राकेश साह, रतेन्द्र साह र कम्प्युटर अपरेटर किरण देवकोटासँग स्पष्टीकरण सोधिएको र दोषी पाइएको खण्डमा कारबाई गर्ने आश्वासन दिए । पीडित रीता देवीले भवानीपुरकै आफ्ना काकाका छोरा सुरेन्द्र ठाकुरले श्रेस्ता च्यातेको आरोप लगाइन् । आफ्नो बुबाकी एक्ली छोरी भएको र सम्पत्तिको हकभोग गरेपछि उनीहरूलाई ईर्ष्या लागेर पहिलेदेखि नै विवाद गर्दै आएका र केही महीनाअघि श्रेस्ता च्यातेको उनको आकलन छ ।

सुरेन्द्र ठाकुर मालपोत कार्यालय पर्सामा ३५ वर्षदेखि लेखनदासको काम गर्दै आएका छन् । उनले आफूले श्रेस्ता नच्यातेको दाबी गरेका छन् ।



मालपोत कार्यालय पर्सामा विवाद हुँदै र जग्गाधनी । तस्वीरः प्रतीक

## ठोरीमा सामाजिक सुरक्षाभत्ता वितरणको लागि खाता खोल्न शुरू

प्रस, ठोरी, १३ चैत/

ठोरी गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता वितरणका लागि खाता खोल्न शुरू गरिएको छ ।

सरकारले सामाजिक सुरक्षा भत्ता बैंकमार्फत भुक्तानीका लागि निर्देशन गरेको लामो समयपछि ठोरी गापामा यससम्बन्धी प्रक्रिया अगाडि बढाइएको हो । शुक्रवारदेखि राष्ट्रिय वाणिज्य बैंकमार्फत खाता खोल्न शुरू गरिएको प्रमुख प्रशासकीय अधिकृत कृष्णलाल श्रेष्ठले बताए ।

राष्ट्रिय वाणिज्य बैंक सुवर्णपुर शाखाले वडा नं ४ घ्याङडाँडाबाट घुम्ती अभियानको शुभारम्भ गरेको छ । ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गहरूलाई वितरण गरिने सामाजिक सुरक्षा भत्ताको लागि वडापालिकामा सम्बन्धित व्यक्तिहरूलाई बोलाएर खाता खोल्न शुरू गरिएको छ । खाता सञ्चालनको लागि पञ्जीकरण शाखाका कर्मचारी र स्वयंसेवकहरू परिचालित गरिएको बताइएको छ ।

अशक्त, अपाङ्ग र ज्येष्ठ नागरिकहरू बैंकमा पुगेर खाता खोल्न समस्या भएको र यसअघिका प्रयासहरू सोही कारणले असफल भएको कारण घुम्ती सेवामार्फत गापाका सबै वडामा खाता खोलिने प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले बताए । उनले गापाका पाँचवटा वडाका करीब १९ सयजनाले सामाजिक सुरक्षा भत्ता लिंदै आएको जानकारी गराए ।

यसअघि, चालू आवको पहिलो चौमासिकको सामाजिक सुरक्षा भत्ता गापाले खाताविना नै वितरण गरेको थियो । वडाध्यक्ष, सदस्यहरूमार्फत सम्बन्धित वडामा सामाजिक सुरक्षा भत्ता वितरण गरिएको प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले बताए । ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गहरूको घरमा पुगेर जनप्रतिनिधिहरूले नगद वितरण गरेका थिए । अब दोस्रो चौमासिक सामाजिक सुरक्षा भत्ता बैंक खाता खोलिएपछि सोहीअनुरूप वितरण गरिने श्रेष्ठले बताए । दोस्रो चौमासिक सामाजिक सुरक्षा भत्ता चैत मसान्तभित्र वितरण हुँदै आएको थियो । बैंकिङ खाता सञ्चालनको कारण केही समय ढिला हुने अनुमान गरिएको छ ।


सामाजिक सुरक्षा भत्ता लिन बसेका सेवाग्राहीहरू । तस्वीरः प्रतीक

## मुख्यमन्त्रीका सुरक्षागार्डको सडक दुर्घटनामा मृत्यु

प्रस, जनकपुरधाम, १३ चैत/

प्रदेश नं २ का मुख्यमन्त्री लालबाबू राउत गद्दीका सुरक्षागार्ड प्रसनि मदनजङ्ग कापरको सडक दुर्घटनामा मृत्यु भएको छ । ट्रकको ठक्करबाट उनको ज्यान गएको हो ।

शुक्रवार बिहान जनकपुर–बर्दिबास सडकखण्ड अन्तर्गत मिथिला नगरपालिका–१० लालगढमा प्रसनि कापर सवार मोटरसाइकललाई ट्रकले ठक्कर दिएको थियो । उनको घटनास्थलमैं मृत्यु भएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक मकेन्द्रकुमार मिश्रका अनुसार शुक्रवार बिहान करीब ३ बजे बर्दिबासबाट जनकपुरधामतर्फ आउने क्रममा कापर सवार लु.५३प ८५७५ नम्बरको मोटरसाइकललाई विपरीत दिशातर्फ जाँदै गरेको ट्रकले ठक्कर दिएको हो ।

ठक्कर दिएर फरार ट्रकसहित चालकलाई प्रहरीले सुनसरी जिल्लाबाट नियन्त्रणमा लिएको छ । प्रसनि कापरको शव शल्यपरीक्षणपछि परिवारजनले जिम्मा लिएका छन् । उनी मुख्यमन्त्री गद्दीको सुरक्षामा केही महीनादेखि खटेका थिए । बिदा लिएर घर गएका उनी डच्युटी गर्न मुख्यमन्त्री कार्यालयतर्फ आइरहेका थिए ।

## ग्रामीण क्षेत्रमा नापतौलको पुरानै साधन प्रयोग

प्रस, सेढवा, १३ चैत/

पर्साको वीरगंज महानगरपालिका बाहेक ग्रामीण क्षेत्रमा नापतौलको लागि विभागबाट प्रमाणित ढक–तराजुभन्दा भारतबाट अप्रमाणित ढक–तराजुको प्रयोग बढी भइरहेको महतोले बताए ।


ढुङ्गाको ढक प्रयोग गर्दै पसलेहरू । तस्वीरः प्रतीक

पुरानै साधनको प्रयोग भइरहेको छ । नापतौल तथा गुणस्तर कार्यालयले प्रविधिको विकाससँगै विद्युतीय नापतौलको व्यवस्था गरे पनि ग्रामीण क्षेत्रमा यसको प्रयोग हुन सकेको छैन ।

अप्रमाणित मेशिनबाट नापतौल हुँदै आएको छ । पुरानै ढक–तराजुको प्रयोग सबैखाले पसल र बजारमा हुने गरेको छ । केही पसलेले अप्रमाणित ढक–तराजुको प्रयोग गरेका छन् भने केहीले परम्परागतरूपमा रहेको ईँटा, ढुङ्गाको ढक पनि प्रयोग गर्दै आएका छन् ।

जीराभवानी गापा–५ का उपभोक्ता महेन्द्र महतोले परम्परागत ढक–तराजुको प्रयोग बजार र पसलहरूमा भइरहेको बताए । पर्साका ग्रामीण क्षेत्रमा नापतौल अप्रमाणित ढक–तराजुबाट ग्राहकहरू ठगिने गरे पनि यस सम्बन्धमा स्थानीय पालिकाले चासो देखाएको छैन ।

अझ ठोरी र जीराभवानी गापाका कतिपय बजार, पसलहरूमा अहिले पनि माना, पाथी, मुरीको प्रयोग भइरहेको छ । पटेर्वासुगौली गापाका वडाध्यक्ष एवं गापा प्रवक्ता विजय गैरेले गापामा नापतौलको साधन प्राचीनकालीन प्रयोग नभएको दाबी गरे । उनले आफ्नो गापामा सरकारद्वारा प्रमाणित ढक–तराजुको प्रयोग भइरहेको दाबी गरे । उनले स्थानीय व्यापारीहरूले विद्युतीय ढक–तराजुको प्रयोग गर्दै आए पनि सोको प्रमाणीकरण नापतौलबाट हुन नसकेको स्वीकारे । उनले त्यस्ता प्रयोगकर्तालाई गापाले निश्चित समय प्रदान गरी परिवर्तन गराउन लगाउने बताए ।

## प्लास्टिकजन्य वस्तु नष्ट गर्दा स्वास्थ्यमा समस्या र प्रदूषण बढ्दै

प्रस, निजगढ, १३ चैत/

निजगढ नगर क्षेत्रभित्रको बस्तीहरूबाट दैनिक उसर्जित फोहोरमैलालाई आगो लगाएर नष्ट गरिएपछि अहिले गर्मीयाममा सोबाट निस्किने धूवाँले निजगढवासीको स्वास्थ्यमा समस्या उत्पन्न हुनुका साथै वायु प्रदूषण बढेको छ ।

बकैया खोलाको दक्षिणतर्फको बगरमा डम्पिङ गर्दै आइरहेको प्लास्टिकजन्यलगायत अन्य फोहोरमैलालाई निजगढ नपाले एक वर्षअघिदेखि आगो लगाएर नष्ट गर्दै आइरहेको छ । जुन मानव स्वास्थ्य र स्वच्छ वातावरणविपरीत ठहर्छ । अहिलेको सुक्खायाममा वनजङ्गलमा डढेलो लागेर वायु प्रदूषण बढिरहँदा फोहोरमैलामा आगो लगाउँदा झनै वातावरण बिग्रँदो छ । जसको कारण निजगढलाई २४सैं घण्टा तुवाँलोले ढाके जस्तै धूवाँले निजगढको बकैयाटोल आसपासको स्थान ढाकिरहेको छ । प्रदूषित धूवाँ वायुमा फैलिंदा टाढा–टाढासम्म यसको असर फैलिरहेको छ ।

राजमार्ग आसपासका घर, बस्तीबाट निस्किएका यस्ता वस्तुलाई निजगढ नगरपालिकाले दैनिक खोलाबगरमा व्यवस्थापन गर्दै आइरहेको छ ।


निजगढ नगरपालिकाको नगर क्षेत्र । तस्वीरः प्रतीक

चार वर्षअघि सामुदायिक वनक्षेत्रको खाली स्थानमा फाल्ने गरेपछि बकैया–नागमणि सामुदायिक वन उपभोक्ता समूहले रोकेको थियो । खोलाबगरमा डम्पिङ गरिएका प्लास्टिकजन्य फोहोरमैलालाई आगो लगाउने गरेपछि झनै वायु प्रदूषण बढेको छ भने फोहोरमैलाको डुङ्गुरले बस्तीमा रोग फैलन सक्ने सम्भावना बढेको छ । फोहोरमैलालाई आगो लगाएर डढाउने गर्दा वायु प्रदूषणका कारण श्वास, दम, आँखा पिरो हुने, आँखा दुख्ने, टाउको दुख्ने मात्र नभई प्लास्टिकजन्य वस्तु डढाउँदा मानिसलाई क्यान्सरको रोगसमेत लाग्ने खतरा अधिकतम हुने स्थानीय स्वास्थ्यकर्मीको भनाइ छ ।

खोलाबगरमा फालिएको फोहोरमैला वर्षासँगै आएको भेलबाढीले खोलामा मिसिने र बग्ने गरेको छ । फोहोरमैला मिसिएको पानी प्रयोग गर्दा रोगको महामारीसमेत फैलन सक्ने सम्भावना छ ।

खोलानाला, बगर, वनक्षेत्रमा फोहोरमैला फालिनु कानूनीरूपमा अपराधसमेत मानिन्छ । वनक्षेत्रमा चरिचरणका लागि छोडिएका गाईवस्तु फालिएका फोहोरमैला, प्लास्टिकजन्य वस्तु खान पल्केका छन् । जसले गर्दा गाईवस्तुसमेत बिरामी पर्ने गरेका छन् भने ज्यानै जाने सम्भावनासमेत रहेको छ ।

खोलाबगर, वनक्षेत्रमा फोहोरमैला नफाल्न यसअघिदेखि नै पटक–पटक आग्रह गर्दै आइरहे पनि फोहोरमैला डम्पिङ गर्ने वा नष्ट गर्ने उचित स्थानको छनोट गर्न नसक्दा निजगढ नपालाई समेत समस्या भइरहेको निजगढ नपाले जनाएको छ ।

फोहोरमैलाको उचित स्थानमा उचित व्यवस्थापन नगर्ने हो भने कुनै न कुनै बेला विशेषगरी वर्षायाम, अत्यधिक जाडोयाममा रोगको महामारी फैलिन सक्ने सम्भावना अधिक हुन सक्छ ।

**यदि तिमीभित्र अनुशासन छ भने यसैले तिमीलाई महान् बनाउँछ ।**

**-विचारसार र सूक्तिहरू**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


## जिप्रकामा सास्ती

**जिल्ला प्रशासन कार्यालय पर्सामा नागरिकताको प्रतिलिपि लिन गएका सेवाग्राहीले २० दिनसम्म पनि प्रतिलिपि नपाएको गुनासो गरेका छन् । पाओस् पनि कसरी, फाँटको झ्यालमा यतिधेरै भीड हुन्छ कि झ्यालसम्म पुग्नु पनि ठूलै युद्ध जित्नु सरह हो । बल्लतल्ल झ्यालमा पुगेकाहरूको कुरा फाँटवालाले सुन्दैनन् । फाँटवालाभन्दा पनि उनलाई सहयोग पुऱ्याउने कार्यालय सहयोगीको भूमिका मुख्य हुन्छ । उसले फाइल अनुसार स्रेस्ता भिडाएर ठीक्क पारिदियो भने फाँटमा काम हुने हो । फाँटका चारै तर्फका झ्यालबाट निवेदकहरूले कर्मचारीको नाम बोलाइरहेका हुन्छन्, अनुरोध गरिरहेका हुन्छन् "लौन मेरो बनाइदिनुस् न ।" काम भएन भन्दै बिलौना गर्ने र धम्की दिनेहरू पनि उत्तिकै हुन्छन् । कसको कुरा सुन्ने, सुनेर साध्य नै छैन । हरेक दिन जिप्रका नागरिकता फाँटको दिनचर्या यसैगरी बितिरहेको छ । अभ्यस्त कर्मचारीहरू पनि किन टाउको दुखाउने ? आफ्नो नजर तथा विवेकले जसको फाइलमा मन लाग्छ उसैको काम गरिदिने हो ।**

**यसरी फाँटमा झुम्मिने भीडमा दिनहुँ केही नयाँ मानिस थपिए पनि अधिकांश भने पुरानै हुन्छन् । कतिपय त हप्तौंसम्म काम नबनेपछि केही दिन घरमा विश्राम गरेर फेरि शक्ति सञ्चय गरी आएका पनि हुन्छन् । सक्नेहरू झ्यालसम्म गएर उभिन्छन्, कराएर चित्त बुझाउँछन् । नसक्ने वृद्ध, वृद्धा, अशक्त, असहाय र प्रक्रियाबारे अनभिज्ञहरूको भने उपाय छैन । कुनै दयालु कर्मचारीको नजरमा उनीहरू परेछ भने काम हुने हो, नत्र जहाँको तहीं । सेवाग्राही झ्यालमा खडा छ, उसको फाइल फाँटभित्र भुईंमा खसेर अरसल्ल परिरहेको हुन्छ तर उठाएर फाँट प्रमुखको टेबलसम्म पुऱ्याइदिने कोही हुँदैन । महीना दिनसम्म काम नभएर भौंतारिरहेका सेवाग्राही कार्यालय परिसरमा पाइन्छन् । सोविपरीत जुन दिन आयो, त्यही दिन काम भएर फर्किरहेका सेवाग्राही पनि प्रशस्तै भेट्न सकिन्छ । फाँटमा काम नै नभएको कहाँ हो ? निवेदनको क्रम अनुसार र व्यवस्थित एवं एकरूपता र सहज किसिमले काम नभएको मात्रै हो । जिल्ला प्रशासनको नयाँ नागरिकता फाँट, राहदानी शाखा सबैतिर भीडभाड उस्तै छ, तर प्रतिलिपि फाँटमा जस्तो सेवाग्राहीको बिजोग अन्यत्र छैन ।**

**प्रतिलिपि फाँटको सेवालाई सहज र सुव्यवस्थित बनाउनका लागि प्रयास नभएको होइन । प्रहरी परिचालन गरेर लाइन लगाउने, प्रशासकीय अधिकृत एवं प्रमुख जिल्ला अधिकारी नै गएर फाँटमा निगरानी गर्ने, काम हुनेवाला सेवाग्राहीको नाम सूची प्रकाशन गर्नेलगायतका प्रयासहरू भएका छन् । तर त्यसको कुनै असर परेन । कुनै पनि समस्या समाधान हुन नसक्ने भन्ने हुँदैन । विगतमा सबैभन्दा सजिलो र छिटो काम हुने फाँटको रूपमा प्रतिलिपि फाँटको पहिचान थियो । त्यति बेलाका प्रयासहरूलाई अध्ययन गर्न जरुरी छ । नयाँ विकल्पमा जाने हो भने टोकन प्रणाली अपनाउनुपर्छ । फाँटमा निवेदनमाथि हुने प्रक्रिया अनुसार काउन्टरहरू फरक-फरक राख्नुपर्छ । निवेदनमा आवश्यक कागजात पूरा भए नभएको हेरेर टोकन दिने र हरेक दिन कति काम हुन सक्छ, सो अनुसार पालो तोक्नुपर्छ । कार्यालयको रेकर्ड भिडाउँदा प्रमाण पुगे तोकिएको दिन प्रतिलिपि दिने नपुगे सर्जमिन पठाउने गरियो भने अनावश्यक भीड हुँदैन । यसो गर्दा पालो र प्रमाण पुगेकालाई दुःख दिने र पालो प्रमाण नपुगेकाको काम गराउने प्रयास कुनै कर्मचारीबाट हुन थाल्यो भने कार्यालय प्रमुखले कारबाई गर्न हात कमाउनुहुँदैन ।**

# कोरोनासँग बचेर खेल्नुहोला होली सबैले

स्वतन्त्र विचार



वैधनाथ ठाकुर
baidhnath2071@gmail.com

**एउटाले आफ्नो स्वार्थ सिद्धिको लागि बहुमतको सरकार भइरहेको बेला संसद् नै विघटन गर्छ भने अर्कोले संसद् पुनर्स्थापनापश्चात् लड्डु साटेर खुशियाली मनाउँछन् तर समर्थन त्यही सरकारलाई गरिरहन्छ । न त अविश्वासको प्रस्ताव ल्याउँछ, न त समर्थन फिर्ता लिन्छ । योभन्दा ठूलो फागु के होला ?**

दुई हप्ताअगाडिसम्म यस्तो लागिरहेको थियो कि अब नेपालमा कोरोना छैन । खासगरी वीरगंजमा मानिसहरूले करीब-करीब मास्क लगाउनै छाडिसकेका थिए । बैंकमा जानुपर्दा गार्डले मास्क नलगाएकालाई भित्र प्रवेश निषेध गर्ने गरेकाबाहेक अन्यत्र कहीं पनि मास्कको जरुरी कसैले ठानेका थिएनन् ।

यस्तोमा अचानक भारतमा कोरोना सङ्क्रमण बढ्न थालेको समाचार आउन थाल्यो । खासगरी दिल्ली, राजस्थान, महाराष्ट्रलगायतका ठाउँमा फेरि लकडाउन गर्नुपर्ने अवस्था देखिन थालेपछि त्यहाँ भएका नेपाली फेरि नेपाल फर्कने र सङ्क्रमण बढ्ने चर्चा घनीभूत हुन थाल्यो । यसै क्रममा भारतले दिनुपर्ने १० लाख कोभिशिल्ड खोप पनि आन्तरिक माग बढी भयो भनेर नदिने घोषणा गरेपछि नेपालमा फेरि कोभिडको त्रास अर्थात् लकडाउनको त्रास सबै क्षेत्रमा देखिन थालेको छ ।

यतिबेला होली पर्व नेपालीहरूको दैलोमा आइसकेको छ । फागु पर्वको रङ र अबिरसँगै कोरोना भाइरस पनि घरभित्र नआओस् भन्ने मनसायले रेडियोमा सरकारी विज्ञापन बज्न थालेका छन् । घरभित्रै फागु पर्व मनाऔं कोरोनाबाट सुरक्षित रहौं । यस्तोमा कसरी सुरक्षित फागु पर्व मनाउने ? यतिबेला यो बहसको विषय बन्न पुगेको छ ।

हामी सबैलाई थाहै छ, अहिले विद्यालयहरू खुलेका छन् । सामुदायिक तथा संस्थागत विद्यालयहरूमा विद्यार्थी, शिक्षक, कर्मचारीहरूले होलीपूर्वको कक्षामा धूमधामसँग होली खेलेका देखिन्छन् । न त त्यहाँ मास्क छ, न त सामाजिक दूरी । यतिबेला कोरोनासँग सबै मानिस नडराउने भइसकेका छन् । यो राम्रो कुरा हो तर कोरोनाले हामीलाई केही गर्दैन भनेर सोच्नु ठीक होइन । कोरोनाको सङ्क्रमण रोक्ने सबैभन्दा प्रभावकारी उपाय मास्क लगाउने, सेनिटाइजर प्रयोग गर्ने तथा पटक-पटक साबुनपानीले हात धुने जस्ता कार्यलाई जीवनशैलीको रूपमा विगत एक वर्षको बानीलाई हामीले विकास गर्नुपर्ने हो तर अझै पनि हामी त्यसतर्फ सचेत हुन सकेका छैनौं । यस्तो सोच हाम्रोलागि नकारात्मक नै हो । प्रहरी प्रशासनले डन्डा चलाएर वा जरिवाना गरेर हामीले मास्क लगाउने नत्र नलगाउने भनेपछि आजको २१औं शताब्दीमा हामी मानसिकरूपमा धेरै पछाडि परेका छौं । यतिबेला हामीले के बिर्सनुहुन्न भने हाम्रै देशका तीन हजारभन्दा बढी नागरिकको मृत्यु कोरोनाको कारण भइसकेको छ । यसतर्फ आवश्यक सतर्कता सबै वर्ग, पेशा, क्षेत्र, लिङ्गले राख्न जरुरी छ । कोरोनाले कुनै जाति, धर्म, वर्ग, पेशा, लिङ्गलाई चिन्दैन । यसको सङ्क्रमणको शिकार सबै हुने भएकाले कोरोनालाई हलुकारूपमा कसैले लिनुहुँदैन ।



तस्वीरः लेखक

हिन्दू धर्मावलम्बीहरूका अधिकांश चाडपर्व धर्ममैं आधारित छन् । त्यस्ता पर्वहरू डेढ/दुई सय वर्षदेखि मात्रै चलेको कुरा सजिलै बुझ्न सकिन्छ । हिन्दू संस्कृति अनुसार होली पर्वको सुरुआत त्रेतायुगदेखि भएको हो । अर्थात् रामायणकालमा यो पर्व जन्मेको देखिन्छ । त्रेतायुगमा भगवान् विष्णुको परमभक्त प्रह्लादसँग घटित घटनाले होली पर्व जन्मेको सर्वविदितै छ । कथा अनुसार हिरण्यकश्यपुले आफ्नो छोरा प्रह्लाद विष्णुभक्त भयो भनेर आफ्नै बहिनीले काखमा राखेर आगोमा भस्म पार्न खोज्दा स्वयम् होलिका नै भस्म भएकीले त्यही दिनको सम्झनास्वरूप होलिका दहन गरी रङ्ग र अबिरका साथ यो पर्व मनाइन्छ ।

फागु पर्व वसन्त ऋतुको परिचायक पनि हो । यो पर्व फागु पूर्णिमाको दिन मनाइने भएकोले यसलाई फगुवा पनि भनिन्छ । यो पर्वमा युवकयुवती, केटाकेटी विभिन्न समूह बनाएर हातमा रङ, अबिर लिएर एकअर्कालाई छ्यापाछ्याप गरेर खुशियाली मनाउँछन् । यो पर्वमा भाङ खाने पनि चलन छ । यस दिन मासु, पुवा, पुरी विशेषगरी खाने गरिन्छ । यस पर्वलाई प्रेम, भाइचारा तथा स्नेहको पर्व पनि भनिन्छ । यो दिनमा पुराना रिसइबी, मनमुटाव, झगडा आदि सबै बिर्सेर सबैजना एकअर्कालाई अङ्कमाल गरी अपनत्व बाँड्ने कार्य गर्ने गर्दछन् । साँझपख प्रौढहरू तराईमा मृदङ, मजिरा, झाल, करताल लिएर फागु गीत गाएर गाउँभरि घुम्ने प्रचलन छ । तर हिजोआज वैदेशिक रोजगारले युवाहरू लाखौंको सङ्ख्यामा विदेशिएका तथा कोरोना सङ्क्रमणको खतरासमेत रहेको हुनाले फागु पर्व अलि खल्लो हुँदै गएको छ ।

भन्नलाई फागु पर्वलाई जातिपाति, छुवाछूत, ठूलो-सानो, धनी-गरीब यी सबै विभेद मुक्त गर्ने पनि भनिन्छ तर हिजोआज फागुमा रक्सी बढी प्रयोग हुने, फागु खेल्नेहरूले बाटोमा हिंड्ने गरेका बटुवालाई जबरजस्ती रङ, अबिर लगाउने, लुगा च्यात्ने, लोलामा कडा वस्तुको प्रयोग गरेर शरीरमा हिर्काउने, पुरानो दुश्मनी फागुकै दिनमा साँध्ने जस्ता काम गरेर फागु पर्वको मौलिकतालाई समाप्त पारिएको छ । खासगरी फागुमा प्रयोग हुने फगुवा गीत जोगिरा सरररर आदि गाउँदा बढी उत्तेजित तथा अश्लील शब्द प्रयोग गर्ने हुनाले पनि फागु पर्व निकै विकृत हुँदै गएको छ ।

किसान र अन्धविश्वासको द्वन्द्वको रूपमा पनि यस पर्वलाई कतिपय विद्वान्ले अर्थ्याउन खोजेका देखिन्छन् । जेहोस्, होली पर्व हिजोआज सुसंस्कृत बन्नेतिर कम र विकृत बन्नेतिर बढी उन्मुख भएको सबैले महसूस गरेका छन् । जसरी फागु पर्वमा विभिन्न रङमा मानिसहरू रङ्गिएर केवल आफ्नो मनोरञ्जनको मात्रै ख्याल गर्छन्, ठीक त्यसैगरी यतिबेला नेपालमा राजनीतिक पार्टीहरू पनि आफ्नो स्वार्थसिद्धिमा मात्र तल्लीन भएका देखिन्छन् । एउटाले आफ्नो स्वार्थ सिद्धिको लागि बहुमतको सरकार भइरहेको बेला संसद् नै विघटन गर्छ भने अर्कोले संसद् पुनर्स्थापनापश्चात् लड्डु साटेर खुशियाली मनाउँछन् तर समर्थन त्यही सरकारलाई गरिरहन्छ । न त अविश्वासको प्रस्ताव ल्याउँछ, न त समर्थन फिर्ता लिन्छ । योभन्दा ठूलो फागु के होला ?

# दैनिक बलात्कारका घटनाले महिला असुरक्षित

प्रस, परवानीपुर, १३ चैत/

प्रदेश २ की आर्थिक मामिला




तस्वीरः प्रतीक

राज्यमन्त्री उषा यादवले राज्यको सुरक्षा व्यवस्था कमजोर र फितलो बन्दै गएको आरोप लगाएकी छन् । आसमान नेपाल नामक गैरसरकारी संस्था र शिक्षा पत्रकार समाजद्वारा वीरगंजमा आयोजित बहिनी शिक्षाको लागि दिदी कार्यक्रम अन्तर्गत प्रदेशस्तरीय सिकाइ आदानप्रदान कार्यक्रममा उनले भनिन्, "आजको समयमा राज्य कहाँ छ, के गरिरहेको छ, दैनिकरूपमा बालिका तथा महिला बलात्कार भइरहेका घटना सार्वजनिक भइरहेका छन्, यसमा स्कूल, कलेज पढ्ने विद्यार्थी तथा सोझासाझा महिलाहरू पनि बलात्कारको शिकार भइरहेका छन् ।" राज्यले आफ्नो सुरक्षा रणनीति र संयन्त्रमा सुधार ल्याउनुपर्छ । उनले आसमान नेपालले विगत ७ वर्षदेखि नेपालका ६ जिल्लामा सञ्चालन गरेको यो कार्यक्रमले विद्यालय तहमा 'ड्रप आउट'को समस्यालाई केही हदसम्म कम गर्न सहयोग पुऱ्याएको बताइन् । उनले यस वर्षदेखि कार्यक्रम समापन भइरहेको बेलामा आगामी समयमा यस्ता कार्यक्रमलाई निरन्तरता दिन सम्बन्धित पालिकाले साझेदारको रूपमा काम गर्नुपर्ने आवश्यक रहेको बतान् ।

कार्यक्रममा वीरगंज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले प्रदेश २ का पर्सा र सर्लाहीमा यो कार्यक्रम लागू हुँदा निकै फाइदा पुगेको बताए । उनले पर्साका ८ पालिकाको १२ वटा माविमा यो कार्यक्रमले फाइदा पुऱ्याएको बताए । यो कार्यक्रमले विद्यालय छोड्ने बालिकालाई पुनः विद्यालयमा ल्याउन, बालविवाह, दाइजोप्रथा, महीनावारीसम्बन्धी पनि ज्ञान र जनचेतना जगाउन मदत पुऱ्याएको उनले बताए । उनले आगामी दिनमा पनि कार्यक्रमको निरन्तरताको लागि आफूहरू साझेदारको रूपमा सहयोग गर्न प्रतिबद्ध रहेको बताए ।

कार्यक्रममा प्रदेशसभा सदस्य करिमा बेगमले यस्तो कार्यक्रमले बालिका शिक्षामा योगदान पुगेको बताइन् । उनले प्रदेश २ सरकारको नारा 'बेटी पढाऊ, बेटी बचाऊ' रहेकोले यस्तो कार्यक्रम आठ जिल्लाकै अधिकांश माविमा लागू गर्नुपर्ने सुझाव दिइन् ।

आसमान नेपाल पर्साका संयोजक मुनिलालप्रसाद बैठाको सभापतित्व र पत्रकार सुरेश यादवको सहजीकरणमा सम्पन्न कार्यक्रममा पोखरिया नपाकी उपप्रमुख सलमा खातुन, विन्ध्यवासिनी गापाकी उपप्रमुख किरण देवी, शिक्षा पत्रकार समाजका अध्यक्ष प्रकाश सिलवाल, वीरगंज महानगर शैक्षिक प्रशासन महाशाखा प्रमुख अरबिन्दलाल कर्ण, द्वारदेवी माविका प्रअ राजुकुमार माली, बर्वाछोटैली माविका प्रअ रामबहादुर चौधरी, मुखदेव सुशीला मावि रामनगरीका प्रअ अखिलेश प्रसाद, नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष श्याम बन्जाराले कार्यक्रमको समीक्षा र उपलब्धिबारेमा जानकारी गराएका थिए ।

कार्यक्रममा बहिनी शिक्षाको लागि दिदी कार्यक्रमका बिग सिस्टरहरूले आआफ्नो अनुभव साटासाट गरेका थिए । पर्सामा ८५ जना ठूली दिदी र ८२० जना सानी बहिनीलाई यस कार्यक्रममा सहभागी गराइएको थियो । भिएसओ, ब्रिटिश काउन्सिल, गर्ल्स एडुकेशन च्यालेन्ज र आसमान नेपालको संयुक्त लगानीमा गत २०७१ सालदेखि प्रदेश २ का पर्सा, सर्लाही, वाग्मती प्रदेशको धादिङ, गण्डकी प्रदेशको लमजुङ, लुम्बिनी प्रदेशको बाँके, कर्णाली प्रदेशको सुर्खेत जिल्लामा गरी कुल ३० पालिकामा यो कार्यक्रम सञ्चालन भएको थियो ।

# कपडा बैंकद्वारा कपडा वितरण

प्रस, वीरगंज, १३ चैत/

वीरगंज कपडा बैंकको आयोजना तथा राज होजियरी वीरगंजको सहयोगमा बिहीवार घण्टाघरमा निश्शुल्क सेतो भेस्ट तथा मास्क वितरण गरिएको थियो ।

फागु पर्वको अवसरमा रिक्शाचालक तथा असहायहरूलाई लक्षित गरी पहिलो चरणमा २५० थान कपडा र मास्क वितरण गरिएको थियो भने दोस्रो चरणमा वीरगंजस्थित मानव सेवा आश्रममा वितरण गरिने योजना रहेको वीरगंज कपडा बैंकका संयोजक




गरीबहरूलाई कपडा वितरण गर्दै । तस्वीरः प्रतीक

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

वाटिका

वर्ष-३४ २०७७ चैत १४ गते शनिवार 2021 March 27 Saturday 

# फेरिंदो छ होलीको बोली



स्वान्तः सुखाय

सञ्जय मिश्र

mitrasanjay41@gmail.com

**होलीको समापन कसरी हुनुपर्ने हो ? यसको सांस्कृतिक पक्ष के हो ? धार्मिक मान्यता कस्तो छ ? होलीको औपचारिक समापनमा को को पुग्नुपर्दछ ? यसबारे समाज अनभिज्ञ बन्दै गएको छ ।**

अब फगुवा हराइसक्यो । साँच्चै सडक, गाउँ वा सरेह कतै पनि फगुवा अब बाँकी रहेको छैन । अहिलेका प्रौढ पुस्ताले फगुवा त बुझ्छन् तर नवपुस्ताले फगुवालाई बुझ्दैनन् । शब्दको अर्थ त बुझाएपछि बुझ्लान् तर फगुवाको भाव भने लोप भइसक्यो नवयुवा पुस्ताबाट ।

रौतहटको गेडहीगुठीका ७५ वर्षीय अच्छेलाल साहलाई होली थाहा छैन, कसैले होली भने पनि उहाँ अनुवाद गरेर होरी नै बुझ्नुहुन्छ । होली त बच्चाहरूले तोते बोलीमा भन्ने होरी हो ।

हुन पनि होली अब गीतमा सीमित भइसक्यो । होलीको महत्त्व अब एक/दुई दिन खूब खाने पिउने र रमाउनेमा यसरी सीमित भइसक्यो कि फगुवाको अनन्त सीमालाई भेटाउने कल्पनै गर्न सक्दैन ।

विभिन्न सञ्चारमाध्यममा आएका होलिका दहनको प्रसङ्ग त नवयुवाहरूले सजिलै बुझ्छन् तर गाउँमा समत फुकाइको बारेमा बुझ्न बिर्सेका छन् । समत कहिले र किन फुकिन्छ वा जलाइन्छ भन्ने विषयमा अज्ञानता बढ्दै गएको होइन अपितु बिरानो बन्दै गएको अवस्था छ ।

चार दशकभन्दा बढी उमेरका प्रौढहरूले अझै पनि सिरपचई (श्रीपञ्चमी)को दिनदेखि नै फगुवा आउँछ भन्ने मान्यता राख्दछन् । फागुन महीना शुरू हुन अझै कम्तीमा दश दिन बाँकी छँदै कसरी फगुवा शुरू हुन्छ ? यस विषयमा मिडिया र डिजेमुखी बनेको होली मौन छ । फगुवाको संस्कृति हराएको होलीको राज चल्दैछ, जसमा फगुवा शासित र दमित बन्दै गएको छ, हराउँदै गएको छ वा शहर तथा काँठहरूमा आफ्नो अवशेषको खोजी गर्दैछ, सेतै कपाल फुलेका संस्कृतिप्रति केही जागरूक उदास ज्येष्ठ नागरिकहरूमा ।

सिरपचईपछि जसको घरमा पनि कुनै कुटुम्ब (पाहुना) पुग्दा पनि फर्किने बेलामा तिनको जीउमा रङ हालिएकै हुन्थ्यो । अझ जिस्किने नातामा भएको कुटुम्ब त पूरै नुहाएकै हुन्थे । बढी मात्रा रातो रङ नै चल्ने हो तर यो अनिवार्य चाहिं थिएन । अरू महीनामा पनि रङ सम्पूर्णतः वर्जित त थिएन तर अन्य महीनामा कुटुम्बको जीउमा रङ हाल्दा सुन्नुपर्थ्यो- यो फागुन हो ?

रङ हाल्नु वा हालिनु एउटा सम्मान वा गर्वको विषय पनि हुन्थ्यो । मानिन्थ्यो । आत्मीयता र सद्भावको गरिमा फगुवाले पाएको हुन्थ्यो ।

जोगिरा सरररर, जोगिरा । जोगिरा सरररर, जोगिरा । अहिले उत्तेजना वा उमङ्गको प्रकटीकरण भएको छ । केही नवयुवा आफूमा रमाइलो गर्न उत्साहित वा उत्तेजित वा मादक पदार्थ सेवन गरेपछि केही भन्न नपाएर वा नसकेर होलीप्रति निकाल्ने समर्थनसूचक र वास्तवमा आत्मसमर्पणासूचक शब्दावलीमा सीमित हुन पुगेका छन् । लाग्छ, यो बेजान भइसक्यो । यसको निर्जीव प्रयोग भइरहेको छ । समूहमा स्वाभाविक फगुवा गायन लोप भइसक्यो, डम्फू र झिरको तालमा फगुवा गीत उत्कर्षतिर पुग्दा झुमेर भनिने जोगिरा सररररर अब सुन्न असम्भव बन्दै गएको छ । कृत्रिम वा प्रायोजित जोगिरा सरररररले बजार खाइसक्यो ।

फगुवाको दुर्दशा किन हुन पुग्यो ? फगुवाको व्यवसायीकरण हुन सकेन ।

होलीको व्यवसायीकरण भएको छ केही हदसम्म । होलीका गीतहरू बनेका छन् । धेरै भिडियो विभिन्न माध्यममा पाइन्छन् तर फगुवाको व्यवसायीकरण हुन सकेन । लोकसंस्कृतिप्रति लोकजीवनलाई जानीजानी वा नियोजित तरीकाले प्रहार गर्ने हाम्रो प्रणालीमैं खोट छ । आफ्नोपनप्रति प्रेम गर्न सिकाएनौं, सिकेनौं । जहिले पनि अरूको प्रति आकर्षित हुने हाम्रो फलामे मनलाई बाह्य चुम्बकले तानिरह्यो र तानिनुमा गर्वानुभूति प्रदर्शन गरिरह्यौं । जो बढी तानियो, जो छिटो तानियो र जो सजिलै तानियो, उनीहरू समाजमा चर्चित बने । समाजले छिटै चिन्यो र सम्मान पनि दियो । आफ्नो ठाउँमा आफ्नै समाजलाई वा सामाजिक सम्पत्तिलाई अगाडि बढाउन योगदान दिनेहरू कुनामा थन्किए । खोइ फगुवा वा होलीका विशिष्ट कलाकारहरूलाई कसैले कतै सम्मानित गरिएको सुनिएको छ ?

गर्वका साथ भन्न पछाडि पर्दैनौं कि होली हाम्रो दोस्रो ठूलो पर्व हो । छठपछि होलीलाई नै प्रधान संस्कृति मान्दछौं तर होलीको संरक्षण गर्न सक्यौं ? छठको विस्तार र विश्वव्यापी हुन गयो किनभने यो आस्थासित जोडिएको छ । फगुवाप्रतिको आस्था किन कमजोर ? छठमा आत्मीयता हुने, हार्दिकता हुने तर फगुवामा उत्तेजना वा आत्मसमर्पण किन ? किन हाम्रो समाजले फगुवाका वास्तविक सांस्कृतिक गायक, वादक, नृत्यकर्ता वा स्वाभाविक अभिनयकर्ताहरूको संरक्षण गर्न सकेन ?

सङ्घीयतामा देश गएपछि स्थानीय संस्कृतिको संरक्षणमा विशिष्ट योगदान पुग्ने विश्वास गरिएको थियो तर स्थानीय संस्कृतिको संरक्षणमा स्थानीय सरकारको दृष्टिकोण कतै सकारात्मक रहेको देखिएन व्यवहारमा । एकाध विशिष्ट संस्कृतिलाई प्रचारमुखी बनाउने काम भने भएको छ तर समग्रमा स्थानीय सरकारको उपेक्षाले स्थानीय संस्कृतिको मौलिकता मृत्युवरण गरिरहेको वर्तमानमा स्थानीय सरकार मलामी जान बाजागाजाको व्यवस्था गर्दै उत्सव निर्माणमा मस्त देखिन्छ । संस्कृतिको बजारीकरण गर्ने, वास्तविक अर्थमा संरक्षण गर्ने तथा मौलिकता हराउन नदिन केही ठोस नीति, योजना तथा कार्यक्रम बनाएर लागू गरिएको कुनै उदाहरण दिउँसै बत्ती बालेर खोज्दा पनि पाउन मुश्किल भइसकेको छ ।

फगुवालाई मादकताको पर्व पहिले किन भनियो भने वसन्त ऋतुमा होलीको राग, यसको शृङ्गारिकता तथा रङ्ग विशिष्ट भोजनको संयोजन आफैंमा अनुपम थियो । मानवजीवनलाई यसले अन्य सामान्य दिनभन्दा विशिष्ट मादकता प्रदान गर्दथ्यो तर बिस्तारै मादकताले मद्यपानसित नाता जोड्न थाल्यो र फगुवाको आत्मा, आत्मसम्मान तथा मौलिकताको चिरहरण गर्दै त्यसैलाई दहन गर्दै होलिका दहन गर्न थाल्यो । फगुवाको संवेदनशीलता, गरिमा र उत्कर्ष अब बूढापाकाहरूको स्मृतिमा पनि धूमिल बन्दै गएको छ र सडकलाई छेकेर डिजेले होलीले अश्लीलता छरिरहेको छ । अश्लीलताले सडक रङ्गिन्छ एक/दुई दिन र होलीको समापन हुन्छ ।

होलीको समापन कसरी हुनुपर्ने हो ? यसको सांस्कृतिक पक्ष के हो ? धार्मिक मान्यता कस्तो छ ? होलीको औपचारिक समापनमा को को पुग्नुपर्दछ ? यसबारे समाज अनभिज्ञ बन्दै गएको छ । यही रफ्तारमा फगुवाको क्षयीकरण भइरह्यो भने होलीको विसर्जन गर्न बिर्सिंदै गएको समाज यस संस्कृतिको सबै अन्तर्यलाई नबिर्सला भन्न सकिन्न ।

यदि वर्तमान समाजमा संलग्न होलीको वर्गीय स्वरूप, वयगत स्वरूप र ग्राम्य-काँठ-शहरीया स्वरूपलाई अध्ययन गर्ने हो भने होलीको बोली एकै अनुहारमा दश रङ वा अबिर प्रदर्शित भएझैं फेरिएको वा फेरिंदै गएको पाउन सक्छौं । कतै सबै रङले उदासी नछरून् ।



विद्यालयमा रङ, अबिर खेलेर रमाउँदै बालबालिका । तस्वीरः फाइल

अत्रि ऋषिको आश्रममा ज्ञानचर्चा चलिरहेको थियो ।

एकजना जिज्ञासुले सोधे- “भक्तजन भगवान्‌को दर्शनको लागि उनको नजीक पुग्ने प्रयत्न गर्छन्, त्यसो भए शबरीमा कस्तो विशेषता थियो, जसले गर्दा भगवान् उनको घरमा मात्र पुगेनन् बरु मान बढाउनको लागि उनको जूठो बयर पनि मागेर खाए ।”

अत्रिले भने- “शबरी भक्त थिइनन्, सन्त थिइन् । उनी राति भजन र दिनमा परमार्थ कर्ममा निरत रहन्थिइन् । मतङ्ग ऋषिको आश्रमवासीलाई वेत्रवती नदीसम्म पुऱ्याउन काँडा भएको बाटोलाई उनैले झाडीरहित गरेकी थिइन् र नित्य त्यस बाटोको सफाइ पनि गर्थिन् । भगवान् यस्ता भक्तलाई सम्मान दिन स्वयम् उनको घर पुग्छन् ।”

वास्तवमा भक्तको मूल्याङ्कन उनको कर्मबाट गरिन्छ, न कि आडम्बरलाई अपनाएर गरिने देखावटी अर्चनाबाट ।

# देवी स्थानबाट होलीको उत्सव शुरू हुन्थ्यो



सरोकार

राजेश मिश्र

rajesh560107@gmail.com

**होलीको शुभकामना आदानप्रदान गर्ने प्रवृत्तिलाई उत्तम र सराहनीय भन्नुपर्छ । यद्यपि त्यस्ता कार्यक्रमहरूमा लोकसंस्कृतिको उत्थानभन्दा राजनीतिक रङ्ग हावी छ । लोकसंस्कृतिको संरक्षणप्रति बेवास्ता किन ? जिम्मेवारी कसको हो ?**

उहिले देहातमा हार्मोनियम, ढोलक, नाल, झाल, कटझाल, मृदङ्ग र उपङ्गलगायतका साङ्गीतिक ध्वनि गाउँ-गाउँमा सुनिन्थ्यो । त्यो सुन्दर माहोल प्रत्यक्ष अनुभूति गर्नेबाहेकले कल्पना मात्र गर्न सक्छन् । लोकसंस्कृतिको संरक्षणप्रति जनआस्था प्रबल थियो । खेतीपातीको थकानमाझ पनि रातिको समय कीर्तन र कथा निरन्तर हुन्थ्यो । सत्यनिष्ठामा आधारित देहाती जीवनशैलीमा लोककथा, प्रवचन, कीर्तन आदिको उच्च महत्त्व थियो । उहिले अहिलेको जस्तो देखावटीपन अपवादबाहेक थिएन । उहिलेका पुस्तालाई अहिलेको आधुनिक प्रविधिसँग तारतम्य मिलाउन सहज छैन । त्यसैले अघिल्लो पुस्ताका अमूल्य रचना संरक्षणको अभावमा लोपोन्मुख हुने अवस्था छ ।

यस दैनिकका प्रधान सम्पादक आदरणीय जगदीश (शर्मा) अङ्कलले पारम्परिक लोकगीतहरू आजकाल सुन्न छाडेको भन्दै चिन्ता व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, “नवपुस्ताका सञ्चारकर्मीहरूले सकेसम्म हराइरहेको लोकसंस्कृतिको खोजबिन गर्नुपर्छ, चासो लिनुपर्छ, बाहिर ल्याउनुपर्छ ।” उहाँको चिन्तनले मेरो दिमागमा तरङ्ग प्रवाहित भयो । ग्रामीण परिवेशमा हुर्केको म बाल्यकालमा मन छुने लोकगीतहरू मेरो हजुरबुबा (स्व भागवत मिश्र)बाट असीमित सुनेको छु । झन्डै चार दशकअघि कीर्तन सुन्दै हजुरबुबाको काँखमा निदाएको म बिहान ‘निर्गुन’को रागले आँखा खुलेको अझै स्मरण छ मलाई । गाउँका पुराना पुस्ताका अधिकांश लोकगायक परलोकवासी भइसके । बाँचिरहेका लोकगायकहरू लोकसंस्कृतिको संरक्षण र निरन्तरताको सवालमा चिन्तामग्न छन् ।

यही सेरोफेरोमा पोखरिया नगरपालिका वडा नं ४ का ‘व्यास’ लक्ष्मणप्रसाद चौहान तथा उनको मण्डलीसँग साक्षात्कार गरें । उनको मण्डलीमा आबद्धमध्ये शिवपूजनप्रसाद चौहान (सहायक), गेन्दा पटवा (गायक एवं ढोलकवादक), बृजराजप्रसाद चौहान (ढोलकवादक) पनि उपस्थित थिए । विगतका बारेमा कुरा गरिरहँदा उनीहरू अत्यन्तै भावविभोर भएको मैले अनुभूति गरें । आधुनिकतासँगै विलुप्त हुन लागेको लोकपरम्पराप्रति प्रतीक दैनिकको चासो र जिज्ञासाले उनीहरूको अनुहारमा खुशीको भाव प्रस्ट झल्किरहेको थियो । आजको यस स्तम्भमा विशेषतः होलीको सन्दर्भ कोट्याउने प्रयास गरिएको छ । होलीका पारम्परिक लोकगीतमध्ये एक मधुर गीतसँगै शुरू भएको संवादको संक्षिप्त अंश प्रस्तुत छ ।

**श्रीराम लिए अवतार, सुरन हर खाई,**
**आनद बधाव अवधपुर बाजे,**
**सखिया मङ्गल गाइ ॥१॥**
**हे विप्र बोलाई के वेद उचारत,**
**कर-करचन देत लुटाई ॥२॥**

मण्डलीका प्रमुखसमेत रहेका चौहानले भने, “प्राविधिकरूपले उपरोक्त लोकगीतलाई ‘चौताला’ भनिन्छ, लय र तालमा कहिल्यै नसुनेकाले उपरोक्त पङ्क्तिमा अक्षर मात्र देख्ने सम्भावना छ ।” अघिअघि चौहान गाइरहेका थिए भने पछिपछि तालीको ताल ठोक्दै अन्य सबैले दोहोऱ्याइरहेका थिए । उहिले होलीमा गाइने लोकगीतहरू अहिले लोपप्रायः छन् । चौहानले आफ्ना हस्तलिखित धेरै रचना देखाए । होलीको लोकगीत कानमा पुग्ने बित्तिकै स्थानीय नेता चौहान पनि आइपुगे । त्यसको केहीबेरपछि सोही बाटो भई घरतर्फ गइरहेका गुल्टेनी चौहान पनि त्यहीं अड्किए । लयमा लय मिलाउँदै सघाउन थाले ।

**बृज नारी सिंगर बनाई, चलो दधी बेंचे ॥१॥**
**चीर चरन के चोली पेन्हे, ओढे पीताम्बर के साडी ॥२॥**
**हर हुमेल अमोल के डन्डा हो ॥३॥**
**नाक में नकबेसर धाई ॥४॥**



देवीस्थानमा होलीको लोकगीत गाउँदै । तस्वीरः लेखक

देहातमा पुरानो पुस्ताका अहिले पनि कतिपय मानिस छन्, जोसँग आफैंले रचेका अनेकौं रचना छन् । झन्डै साढे चार दशकदेखि चौहानको अभिभावकत्वमा पौराणिक लोकसंस्कृतिको मूल तत्त्व जीवन्त छ । निरन्तरता पाइरहेको छ । विभिन्न धार्मिक र सांस्कृतिक कार्यक्रममा असीमित प्रस्तुति दिएको उनलाई सम्झना छ । झन्डै दुई वर्षदेखि पक्षघातका कारण निरन्तरता अवरुद्ध भएकोप्रति उनले खेद प्रकट गरे । यद्यपि उनी हतोत्साहित छैनन् । उनी भन्छन्, “जबले सास बा, तबले आस बा ।” उहिले खेतीकिसानीसँगै लोकसंस्कृतिप्रति मानिसहरूको रुचि स्वस्फूर्त थियो । मनोरञ्जनको सवालमा भजनकीर्तन, प्रेरणादायी कथा, पुराणवाचन आदि गाउँ-गाउँमा हुन्थ्यो । पछिल्लो नवपुस्तामा अपवादबाहेक हस्तान्तरणको क्रम चिन्ताजनक छ । यद्यपि गाउँकै पछिल्लो पुस्ताका सञ्जय सिंह क्षेत्री पुरानो अस्तित्व जगेर्नाको निम्ति अघि सरेकोप्रति पुरानो पुस्ता खुशी छ । क्षेत्रीले पनि लोकसंस्कृतिप्रति आधारित मण्डली खडा गरेका छन् । निरन्तरता दिंदै आइरहेका छन् । कुराकानीसँगै पुनः ‘चहकी’ प्रविधिमा आधारित एक होली गीत गुञ्जायमान भयो ।

**बम भोला ने होली मचाए हैं**
**खांक भभुत शिव अङ्ग लगाए**
**डमरु हो डमरु डिमिक बजाए हैं**

अघिल्लो पुस्ताका मंगनी साह, इनर महतो, सुरुज महतो, भिखारी महतो, चुल्हाई महतो तथा भवनाथ पण्डितलगायतबाट आफूहरूले प्रेरणा पाएको उनीहरू बताउँछन् । विगतलाई स्मरण गर्दै उनीहरूको सामूहिक स्वर गुञ्जित भयो, “हामीलाई प्रेरणा दिने पुस्ताले अघिल्लो पुस्ताबाट प्रेरणा पाएर संस्कृतिलाई जोगाए र हामीलाई हस्तान्तरण गरे ।” अर्को एक प्रसङ्गमा उनले भने, “उहिले प्रत्येक रात्रि भजनकीर्तन गाइन्थ्यो, बजाइन्थ्यो, हामीले पनि सुन्दै र सिक्दै विद्या आर्जन गऱ्यौं, हार्मोनियम र ढोलक आदि सिक्यौं ।”

शिवपूजनप्रसाद चौहानले भने, “उहिले यति विघ्न मदिरासेवन हुँदैन थियो । सेवन गर्ने मानिसले जथाभावी घुम्न पाइँदैन थियो । होहल्ला गर्ने वा जथाभावी उपद्रव मच्चाउने प्रवृत्ति पूर्णतः प्रतिबन्धित थियो । होलीमा सम्पूर्ण गाउँवासीले एकत्रित भएर रमाइलो गर्ने संस्कार थियो । अचेल असामाजिक गतिविधि बढ्दो छ । आधुनिकताको नाममा मूल संस्कृति विकृतिमा रूपान्तरित हुन थाल्नु दुःखद छ ।” यसैबीच पुनः एक चहकी विधाका रागिनी गुञ्जायमान भयो ।

**नइया घुमवलें जमुना कन्हैया**
**नइया घुमवलें जमुना कन्हैया**
**काथी कर नइया काथी केरुवारी**
**केइ हो केइ खेवन हारा...**
**नइया घुमवलें जमुना कन्हैया**
**तनी दधी के कारन कन्हैया, नइया घुमवलें जमुनों**
**के-के बाहन नैया चढतु हैं, केइ हो खेवन हारा कन्हैया**
**राधे रुकमीन नइया चढतु हैं, कृष्ण हो कृष्ण खेवनींया**

मण्डलीमा आबद्ध सदस्यहरूले आआफ्नो घरमा होली खेलेपछि सातोमाईको मन्दिरमा जम्मा हुन्थे । प्रथमतः देवीको स्थानबाट होलीको उत्सव प्रारम्भ हुन्थ्यो । आलोपालो प्रत्येक घरमा पुग्नुपर्थ्यो । गाउनुपर्थ्यो । अबिर र रङ्गले चिन्न नसकिने भइन्थ्यो । ‘मसला’ (नरिवल, छोहोडा, बदाम र सुपारीको मिश्रण)का साथै दक्षिणास्वरूप नगद पनि दिन्थे । अबेर राति पोखरिया बजारस्थित शिवमन्दिरको प्राङ्गणमा देव आराधनासँगै फगुवाको विसर्जन हुन्थ्यो ।

**शिवशङ्कर ब्याहन आए, हेमञ्चल द्वारे ॥१॥**
**साजी बारात चले शिवशङ्कर डमरु देत बजाई ॥२॥**
**है अङ्ग में भभुती सङ्ग दोऊ बालक ॥३॥**
**गले शेषनाग लपटाई ॥४॥**

पुर्खाजनले ‘भुसौली’ र ‘घारीघरमा’ मा बसेर पारम्परिक संसाधनबाट अभ्यास गर्दथे । अमूल्य लोकगीतहरूको रचना गर्दथे । अहिले आधुनिकतासँगै समाजमा भव्य पण्डाल र सिंहासनमा आसीन पात्रहरूको प्रशस्ती छ । आममनोविज्ञान

(बाँकी पाँचौं पातामा)

# द्रोण पर्व–३७



महाभारतबाट सङ्कलन तथा अनुवाद

उमाशङ्कर द्विवेदी

त्यहाँ पुगेर भगवान् श्रीकृष्ण र अर्जुनले पृथ्वीमाथि मस्तक टेकेर ढोगे। ती दुई नर र नारायणलाई त्यहाँ आएको हेरेर शङ्करजी अत्यन्त प्रसन्न भएर हाँस्दै भने– “वीरवरहरू हो, तपाईं दुवैजनाको कैलाशमा स्वागत छ, विश्राम गर्नुहोस् र मलाइ भन्नुहोस् कि तपाईंहरूको के इच्छा छ । तपाईंहरू यहाँ जुन कामले आउनुभएको छ, म त्यसलाई अवश्य नै पूर्ण गर्नेछु ।” भगवान् शङ्करको कुरा सुनेर श्रीकृष्ण र अर्जुन दुवैजनाले हात जोडेर भने– “भगवन्, तपाईं नै भव, सर्व, रुद्र, वरद, पशुपति, उग्र, कपर्दी, महादेव, भीम, त्र्यम्बक, शान्ति र इशान आदि नामबाट प्रसिद्ध हुनुहुन्छ, तपाईंलाई हामीले बारम्बार नमस्कार गरिरहेका छौं । तपाईं भक्तहरूमाथि दया गर्ने खालको हुनुहुन्छ, भगवन्, हाम्रो मनोरथ पूर्ण गर्नुहोस् ।”

तदन्तर अर्जुनले मनमनैमा भगवान् श्रीकृष्ण र शिवजीको पूजन गरेर शीवजीसित भने– “भगवन्, म दिव्य अस्त्रको चाहनाले यहाँ आएको छु ।” यो सुनेर भगवान् शिवले मुस्कान छर्दै भने– “श्रेष्ठ पुरुषहरू, म तपाईं दुवैजनाको स्वागत गरिरहेको छु । तपाईंहरूको अभिलाषाबारे थाहा पाएँ। तपाईंहरू यहाँ जुन वस्तुको लागि आउनुभएको छ, त्यो म तुरुन्त दिंदैछु। यहाँबाट नजीकै एउटा अमृतमय दिव्य सरोवर छ, त्यसैमा मैले आफ्नो दिव्य धनुष र बाण राखिदिएको छु, त्यहाँसम्म गएर बाणसहित धनुष लिएर आउनुहोस् ।”

‘बेस’ भनेर दुवै वीर शिवजीको पार्षद्सित त्यस सरोवरमा गए । त्यहाँ गएर उनीहरूले दुईटा नाग हेरे, एउटा सूर्यको समान प्रकाशमान थियो, अर्को एक हजार मस्तकवाला थियो, उसको मुखबाट आगोको लप्का निस्किरहेको थियो। श्रीकृष्ण र अर्जुन त्यस सरोवरको जलबाट आचमन गरेर ती नागहरूको छेउमा गई हात जोडेर शिवजीलाई नमस्कार गर्दै शतरुद्रीयको पाठ गर्न थाले। अनि भगवान् शङ्करको प्रभावले ती दुई महानाग आआफ्नो स्वरूप त्यागेर धनुष–बाणमा परिणत भए। यसबाट उनीहरू बडो प्रसन्न भई धनुष–बाणलाई लिएर शङ्करजीको छेउमा आए। त्यहाँ आएर ती अस्त्रहरूलाई उनीहरूले शङ्करजीलाई अर्पित गरिदिए। अनि भगवान् शङ्करको पासुलाबाट एउटा ब्रह्मचारी प्रकट भए। ती ब्रह्मचारीले वीरासनमा बसेर त्यस धनुषलाई उचाली त्यसमाथि विधिवत् बाण राखेर डोरीलाई ताने । अर्जुनले यो सबैलाई ध्यानपूर्वक हेरिरहे र



शिवजीले जुन मन्त्रको वाचन गरे, त्यसलाई पनि याद गरे । अनि ती ब्रह्मचारीले ती धनुषबाणलाई पुनः सरोवरमा फ्याँकिदिए । तत्पश्चात् शङ्करजीले प्रसन्न भएर आफ्नो पाशुपत नामक घोर अस्त्र अर्जुनलाई दिए । त्यसलाई पाएर अर्जुनको हर्षको सीमा नै रहेन । अब उनी आफूलाई कृत्य–कृत्य मान्न थाले। त्यसपछि अर्जुन र श्रीकृष्ण शिवलाई नमस्कार गरी उनको आज्ञा लिएर आफ्नो शिविरमा फर्किआए (यो जम्मै घटना अर्जुनले आफ्नो स्वप्नमा हेरेका थिए) ।

यता श्रीकृष्ण र दारुक कुरा गरिरहे, राति छर्लङ्ग बित्यो । अर्कातिर राजा युधिष्ठिर पनि निद्राबाट ब्यूँतिएर स्नानगृहतिर गए। त्यहाँ नित्यक्रिया सकेर श्वेतवस्त्र धारण गरेका एक सय आठजना युवा स्नातक जल भरिएका सुनका घैंटा (कलश) लिएर उभिएका थिए । युधिष्ठिर एउटा महीन वस्त्र लगाएर श्रेष्ठ आसनमाथि बसी त्यस मन्त्रपूत जलले स्नान गर्न थाले । उनी स्नान पूजनबाट निवृत्त भएर बसेकै थिए कि एउटा दूत आएर खबर सुनायो– “महाराज, भगवान् श्रीकृष्ण पाल्नुभइरहेको छ ।” राजाले भने– “उनलाई स्वागतपूर्वक लिएर आऊ ।” तदन्तर भगवान् श्रीकृष्णलाई एउटा सुन्दर सिंहासनमाथि बसालेर राजा युधिष्ठिरले उनको विधिवत् पूजन गरे। यसपछि अन्य दरबारियाहरूको उपस्थिति हुन थाल्यो। विराट, भीमसेन, धृष्टद्युम्न, सात्यकि, चेदिराज, धृष्टकेतु, द्रुपद, शिखण्डी, नकुल, सहदेव, चेकितान, केकयराजकुमार, युयुत्सु, उत्तमौजा, युधामन्यु, सुबाहु र द्रौपदीका पाँच पुत्र– यी तथा अन्य धेरैजसो क्षत्रिय महात्मा युधिष्ठिरको सेवामा उपस्थित भएर उत्तम आसनमा विराजमान भए। श्रीकृष्ण र सात्यकि एकै आसनमाथि बसेका थिए। अनि राजा युधिष्ठिरले ती जम्मैले सुन्ने गरी श्रीकृष्णासित भने– “भक्तवत्सल, जसरी देउताहरू इन्द्रको आश्रयमा रहन्छन्, त्यसै प्रकार हामी पनि तपाईंकै शरणमा रहेर युद्धमा विजय र स्थायी सुख चाहन्छौं । सर्वेश्वर, हाम्रो सुख र हाम्रो प्राणको रक्षा–सबै तपाईंकै अधीनमा रहेको छ। तपाईं यस्तो कृपा गर्नुहोस् कि जसबाट हाम्रो मन तपाईंमैं लागिरहोस् तथा अर्जुनको प्रतिज्ञा सत्य होओस् । यस दुःखरूपी महासागरबाट अब तपाईंले नै हाम्रो उद्धार गर्नुहोस् । पुरुषोत्तम, तपाईंलाई हाम्रो बारम्बार नमस्कार छ। देवर्षि नारदजीले तपाईंलाई पुरातन ऋषि नारायण भनेर भन्नुभएको छ। तपाईं नै वरदायक विष्णु हुनुहुन्छ, यो कुरालाई आज सत्य गरेर देखाइदिनुहोस् ।” क्रमशः...

# फागु, लकडाउन लागू !



कुरोको चुरो

मुकुन्द आचार्य

हामी चाडबाडलाई पर्खिबस्छौं। पर्खने कारण र उद्देश्य मान्छेपिच्छे फरक–फरक हुन सक्छ। तर बडादशैं र फागुको मूलमा भने असतोमा सद्गमय अर्थात् असत्यतिर हैन है सत्यतिर जाऊ भन्ने सुसमाचार नै सन्देशको रूपमा पाइन्छ। भो, भालुलाई पुराण सुनाएर के फाइदा ! हुने हुनामी टारेर टर्दैन, आयु छउन्जेल कोही मर्दैन !

फागु आफ्नो मस्तीमा हात्ती लस्केझैं लसक–लसक गरी आउँदैछ । अर्कोतिरबाट कोरोना, एम्बुलेन्सको जस्तो नमीठो आलापमा आउँदै छ । दुवैको जम्काभेट भयो। दुईटा साँढे जुध्नुभन्दा पहिलेको अवस्था सृजना भयो। भनाभन र हानाहान शुरू भइहाल्यो ।

पहिले कोरोनाले कराएर भन्यो– ए मूर्ख फागु ! तँलाई था‘छैन अहिले सम्पूर्ण विश्वमा मेरो कडा शासन चलेको छ, अति राम्रो चलेको छ ! सैनिकशासनभन्दा पनि कोरोनाशासन कडा हुन्छ । मेरो शासनको अब दोस्रो लहरका साथ स्वागत गर्ने तयारीमा लाग्। मैले मानव प्रकृतिलाई राम्ररी अध्ययन गरेरै, बीचमा ब्रेक दिएको मात्र हो। तिमी पटमूर्खझैं हरेक वर्षजस्तै मोजमस्ती गर्ने मूडमा गाउँदै नाच्दै आइपुग्यौ, मान्छेको जङ्गलमा मङ्गल मनाउन ?!

वसन्त ऋतु भा‘हुनाले पनि दब्ने मूडमा थिएन । प्रत्येक वर्ष निश्चित गरिएको तिथिमितिमा ऊ त नबिराइकन धम्कने वीर पो हो त फागु। ऊ किन मान्थ्यो ! उसले पनि आफ्नो शान देखायो, म सनातनकालदेखि चलिआएको आफ्नो काम, कर्तव्य र दायित्वलाई एउटा जाबो कीराको डरले छाड्ने कायर प्रकृतिपुत्र हैन । म त फागु पूर्णिमालाई ध्यानमा राखेर आइपुग्छु। सारा दुःखीजनले मेरो बाटो पर्खिबसेका हुन्छन् । दुःखको मरुभूमिमा सुखको वर्षा गर्छु ।

कोरोना कड्क्यो– यस्तो वाहियात कुरा गरेर मेरो समय र मूड खराब नगर। टिभी हेर्दैनौ ? समाचार सुन्दैनौ ? विश्वमा कोरोनाको दोस्रो लहर चलिसक्यो। यो दोस्रो लहर युरोप, अमेरिका, अफ्रिकामा मात्र हैन, भारतसम्म आइसक्यो । नेपालमैं पनि छिरिसक्यो । लौ भन त अब यस्तो अवस्थामा हैप्पी होली भन्न मिल्छ त ? मान्छे भटाभट कीरा फट्याङ्ग्राझैं मरिरहेका छन्। तिमीहरू खेल्ने होली ? मान्छेलाई मारेर सोत्तर नपारी त कहाँ छोड्छु र ? मानवता नभएको मानव त्यसै पनि मरेकै बराबर हुन्छ। मैले त त्यस्ताको दाहरसंस्कार गराइदिने मात्रै त हो नि !

ऋतुराजको साथ भएको हुनाले फागु पनि आफूलाई ठूलै हस्ती ठान्थ्यो; उसले मुखभरिको जवाफ दियो– मार्नेभन्दा बचाउने नै सधैं ठूलो हुन्छ। तिमीहरू त आँखाले नदेखिने मायावी दानव हौ, हत्यारा, पापी, राक्षस हौ। हामी दुःखी मानवजीवनमा रङ्ग, उमङ्ग, मस्ती, खुशी, उल्लास, आनन्द भर्ने दयालु, मायालु प्रकृतिपुत्र पो हौं त । वसन्त ऋतुलाई ऋतुराज भनिन्छ। होलिका दहन गरेर असत्यमाथि सत्यको विजय नै हामी सन्देशका रूपमा मानवलाई दिन्छौं। मार्ने कहिले पनि ठूलो हुँदैन । यति कुरोको चुरो बुझिराख्नू राक्षस कोरोना !

यति भनेर फागुले वंशी बजायो, जोगिरा सररररको राम्रो लामो आलाप लियो । वंशीको धुन सुनेर ठाउँठाउँका रूखहरूबाट कोइली गाउन थाले । पात झरेर नाङ्गो भएका रूखहरूले लाज मानेर कोमल हरिया पालुवाहरूको पोशाक पहिरिए । न गर्मी, न सर्दीको सुखद तापक्रम चारैतिर व्याप्त भयो ।

कोरोनाले कर्कश आवाजमा करायो– फागुको झाँको झार्न लकडाउन गराउनै पर्छ । म अब आफ्नो दोस्रो लहरलाई निकै दऱ्हो पारामा प्रस्तुत गर्नेछु । यो कुनै गाऱ्हो कुरो पनि होइन। मान्छे प्रमादी बन्दै गएको छ। मास्क भिर्दैन, हात पनि धुन छाडे, सामाजिक दूरी कायम राख्ने त झन् कुरै भएन ।

यस्तो वातावरणमा म त निकै सफलतापूर्वक आफ्नो संहारक शक्तिको प्रयोग गर्न सक्छु। मलाई रोक्न लकडाउन लगाउनै पर्ने हुन्छ। मेरो अबाध गतिले दुनियाँको दुर्गति हुने निश्चित छ । म हैप्पी होलीलाई रामदेव बाबाको योगा सिकाएर हैरान पारेरै छाड्छु ।

# लभ इन वीरगंज



धारावाहिक नाटक

समीर पाखिन

**दृश्य १**

समय : बिहान । स्थान : ट्राफिक हवल्दार इमानसिंहको वीरगंजको रानीघाटस्थित डेरा ।

हवल्दारकी पत्नी सुशीला भान्सामा साग केलाउँदै छिन् । हवल्दार भान्साकोठाको ढोकानेर बसेर प्रतीक दैनिक पढ्दैछन् ।

सुशीला : (गनगनिंदै साग काट्दैछे) हवल्दारसाप भन्नु मात्र छ। जाबो एकबिटो रायोको सागसमेत नकिनी खान पाइँदैन।

इमानसिंह : (आँखा स्थानीय समाचारको पानामा केन्द्रित छ) साग किनेर खान त सरकारले तलब दिएकै छ नि। के म बजार–बजार साग उठाउँदै हिंडौं ? मेरो इज्जत छैन ?

सुशीला : त्यही इज्जत हेरेकोले त यो गति छ। मान्छेले यही प्रहरीको जागीर खाएर पक्की घर ठड्याइसके। हामीचाहिं सधैं डेराको डेरामैं । (हवल्दारको मोबाइलको घण्टी बज्छ। हवल्दारले थाहा पाउँदैन) हैन कान पनि सुन्न छोड्नुभयो कि क्या हो ? मोबाइलको घण्टी बजेको बजेकै छ ।

इमानसिंह : (उठेर जीउ तनक्क तन्काउँदै) हेलो, ए तँ डल्ली ? अँ भन् । के ज्वाइँसाप वीरगंज आउँदै हुनुहुन्छ अरे ? कति कामले ? ए ए ल ल म तेरी आमालाई ज्वाइँसापको लागि खाना बनाउन लगाइहाल्छु नि । अँ, अनि तेरो के खबर छ नि ? केटाकेटी त आरामै होला होइन त ? अँ यता पनि सबै कुशल मङ्गलै छौं। तेरी बहिनी अझै उठेकी छैन। ल ल तँ चिन्ता नगर् । ल राखे है । (फोन राख्दै) सुशे, ज्वाइँसाप आउँदै हुनुहुन्छ रे । डल्लीले खाना बनाइराख्नु भनेकी छे ।

सुशीला : त्यसो भए जानुहोस्, एक किलो चिकेन लिएर आउनोस् ।

इमानसिंह : मासु त ल्याउने भनिस्, पैसा पो छ कि छैन। हेरौं है ? (यताउता पर्स खोज्न थाल्छन् तर भेट्टाउँदैनन्) हैन मेरो पर्स कता गयो ?

सुशीला : हे भगवान् ! एउटा पर्ससमेत ठेगानमा राख्न नसक्नेले कसरी पुलिसको जागीर खाएको होला ? दराजमाथि हेर्नु‘भो ?

इमानसिंह : अहँ छैन । (दराजमाथि हेरेपछि फेला पर्छ र) पाएँ, पाएँ। पर्स त भेटियो पैसा पो छ कि छैन हेरौं है ? (एउटा पाँच सयको नोट देखेपछि) ए एउटा पाँच सयको नोट त रहेछ। ल म मासु लिन गएँ ।

सुशीला : सुन्नु‘भो ? मूला र धनियापत्ता पनि ल्याउनुहोस् है। कहिले एकाबिहानै उठेर डोरी खेलिरहेकी हुन्छे। कहिले आठ बजेसम्म पनि उठ्दिन ? उषा, एई उषा। उठेर तुरुन्त भान्सामा आइज् त ।

उषा : (निद्राबाट ब्यँझेपछि लामो श्वास लिन्छे अनि जीउ तन्काउँदै भान्सामा आउँछे) मामु हजुरको मोबाइल एकक्षण दिनोस् त ।

सुशीला : तँलाई उठ्ने बित्तिकै किन चाहियो मोबाइल ? तेरो आफ्नो मोबाइल के भयो ?

उषा : राति एकक्षण अनलाइनमा बसेको ब्याट्री सकेछ। बाबा खोइ ?

सुशीला : तेरो भिनाजु आउँदैछन् अरे। यसैले मासु किन्न पठाएको छु। तँ पनि चिया खाएर कोठा सरसफाइ गरिहाल् ।

उषा : त्यो त म गरिहाल्छु नि, एकक्षण मोबाइल दिनोस् न ।

सुशीला : (सुशीलाले दिक्क मान्दै म्याक्सीको खल्तीबाट मोबाइल झिकेर दिंदै) ला तर जथाभावी फोन गर्ने चाहिं होइन नि। मेरो पनि ब्यालेन्स सकिसकेको छ ।

(उषा सोफामा बसेर उसको ब्वायफ्रेन्ड अङ्कितसित फोन सम्पर्क गर्छे)

उषा : हेलो अङ्कित, अझै उठेको छैनौ ? सुन न, म क्याम्पसबाट सोझै गीतामन्दिर रोडको कनेक्सन साइबरमा पुग्छु है। तिमी त्यहीं आऊ न ल। के स्योर छैन अरे ? अहँ जसरी भएपनि आऊ। म पर्खिरहन्छु। (पल्लो घरकी आरति भन्ने ठिटी ढोकामा उभिएर)

आरति : उषा, एई उषा।

उषा : म कोठामा नै छु आइज् न।

आरति : उषा, मलाई तेरो साइकल एकक्षण दे न, म काकीलाई अस्पताल खाना पुऱ्याएर आइहाल्छु।

उषा : भरेङ मुनि छ लै जा।

आरति : साँचो नि त ?

उषा : खुल्लै होला, हेर्न। किन आज स्कूल गइनस् ?

आरति : आज बिदा छ। ल उषा, म तुरुन्त ल्याइदिइ हाल्छु है। (साइकल डोऱ्याउँदै प्रस्थान)

**दृश्य–२**

समय : उही । स्थान : घण्टाघरनिरको मासुपसल।

ग्राहकहरू पसलमा भीड लागेको छ। इमानसिंह भीड लागेको देखेर गनगनिन्छ।

इमानसिंह : (स्वयंसित) अहो ! मासुपसलमा त भीडभाड पो रहेछ त ? मासु नपाइने हो कि क्या हो ?

साहु : हवल्दार साप नमस्ते ! मासु लिन आउनुभएको हो ?

इमानसिंह : हो, भीडभाड रहेछ।

साहु : हजुरलाई के फरक पर्छ त ? एई फारुख, हवल्दार सापलाई दुई किलो राम्रो मासु लिएर आइज् त। बसौं हवल्दार साप। (कुर्सी दिंदै)

इमानसिंह : कहाँ हुनु दुई किलो। (बस्दै) एक किलो मात्र।

साहु : किन एक किलो मात्र ? डेढ किलो त लग्नुहोस्।

इमानसिंह : नाइँ–नाइँ मलाई एक किलो भए पुग्छ।

साहु : एक किलो मात्र ? मासु राम्रो छ लग्नु भए भै‘हाल्छ नि। भर्खरै हरि सईसापले तीन किलो उठाउनुभो ?

इमानसिंह : होला तर मलाई चाहिंदैन। मलाई एक किलो मात्र देऊ।

साहु : हवल्दार सापलाई एक किलो फिलाको राम्रो मासु दिएर पठा एई फारुख। (केटोले झोलामा मासु ल्याएर हवल्दारलाई दिन्छ)

साहु : हवल्दारसाप, चिया पिउने होइन ?

इमानसिंह : नाइँ–नाइँ मलाई हतार छ। अँ कसरी किलो ? (हवल्दारले पाँच सयको नोट दिंदै)

साहु : हवल्दारसाप पनि ! के म हजुरको जाबो एक किलो मासुको पैसा लिन्छु त ?

इमानसिंह : होइन, त्यसै त म खाँदै खाँदिनँ। तपाईंले पैसा लिनैपर्छ।

साहु : तपाईं पनि नमूनाको मान्छे हुनुहुन्छ, खै दिनोस्।

दुई सय रुपैयाँ काटेर बाँकी पैसा फर्काइदिन्छ।

क्रमशः

# वसन्त ऋतु

- बैधनाथ महतो (कुशवाहा) “साधु”

शिशिर गयो वसन्त आयो
वसन्त आयो ऋतुराज आयो
शोभा सुगन्ध रङ्ग ल्यायो
चारै दिशा हरियाली छायो
वन–वन फूल फुलेर आयो
क्या मस्तीको शोभा बढायो
भवरा पुतली मुग्ध भएर
घुम्छ वरिपरि गीत गाएर
कुकु कोइली बोली
मुग्ध पार्छ मधुरस घोली
रूख, लहरा सब बिरुवा मुजराई
फलफूल लागी उमङ्ग छाई
न त्यति गर्मी न त्यति जाडो
मधुरो रसिलो बेला प्यारो ।

*– कलैया उमनपा–२५, बारा*

## मेहताको मस्करा

**- रामेश्वर मेहता**

युवक राममन्दिरमा : हे भगवान्, मेरो प्रेमिका हरायो, पत्ता लगाइदिनुपऱ्यो प्रभो !

राम (प्रकट भई दर्शन दिंदै) : तिमी गलत ठाउँमा आयौ बाबु ।

युवक : तब कहाँ जाने प्रभो ?

राम : हनुमानकहाँ, मेरी सीतालाई उसैले खोजेको थियो ।



यो रङबिरङ्गी मकैको नाम ग्लास जेम कर्न हो । यसलाई अमेरिकामा फलाइन्छ ।

कविता

# जय जय जय हे कोरोना महारानी

**- विपेक्षा सुवेदी**

जय जय जय हे कोरोना महारानी
मोबाइल दियौ तिमीले बडो ज्ञानी
गीत सुन्छौं, फिल्म हेर्छौं र सुन्छौं कहानी
जय जय जय हे कोरोना महारानी
ह्वाट्सएपमा गफ गर्छौं, फेसबूकमा रमाउँछौं
अनलाइनमा पढिलेखी बन्छौं ठूलो ज्ञानी
टिक टकमा गाना बनाउने छ मेरो बानी
जय जय जय हे कोरोना महारानी
टाढा रहेको हामीसँग मोबाइल गज्जबको
कोरोना अनलाइनले हातमा पुऱ्यायो
चिन्ता भाग्यो हाम्रो, अब छैन कुनै दुःख
जय जय जय हे कोरोना महारानी
अनलाइनमा हामी दिनभरि रमाउँछौं
भिडियो बन्द गरी खेल्न पनि पाउँछौं
घरमा छैन कुनै किचकिचको निशानी
जय जय जय हे कोरोना महारानी
हात धुन्छौं दलिदली साबुन पानीले
घरमा बस्दा छैन कुनै हानि मास्कले
बुबाआमा भन्छन् अनुशासनमा छन् नानी
जय जय जय हे कोरोना महारानी
कक्षामा हुँदा गुरुले हप्काउँथे छानीछानी
हप्काउने कोही छैनन् अब बेलुका र बिहानी
करामाती यो मोबाइल छ बडो ज्ञानी
जय जय जय हे कोरोना महारानी
अब कुनै डर छैन न कुनै चिन्ता
सबैले मुखमा बाँधे छन् रङबिरङ्गी फिता
महामारीमा कसैले घर बनाए पक्का
र कोही रहे दिनरात भोका
लखपतिलाई बनाए कोरोनाले करोडपति
जागीर गुमाएका भए रोडपति
जति कुरा गर्दा सानो छैन कहानी
जय जय जय हे कोरोना महारानी

– कक्षा ८, माउन्ट एडमन्ड मावि, श्रीपुर

# अन्तर्राष्ट्रिय समाचार

## चीनद्वारा बेलायती नागरिक र संस्थामाथि प्रतिबन्धहरू घोषणा

बेइजिङ, १३ चैत/एपी

चीनविरोधी अभियानमा संलग्न रहेको आरोपमा केही बेलायती नागरिक एवं संस्थामाथि चीनले शुक्रवार प्रतिबन्ध घोषणा गरेको छ। खासगरी चीनको मुस्लिम बहुल जिनजियाङ क्षेत्रमा मानव अधिकार उल्लङ्घनको आरोप लगाउँदै युरोपेली युनियन र बेलायतले केही चिनियाँ पदाधिकारीमाथि प्रतिबन्धहरू लगाएको विरोधमा चीनले यस्तो कदम चालेको हो।

चीनको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा पश्चिमा राष्ट्रहरूबाट चीनमाथि लगाइएका आरोपहरू झूटा र गलत सूचना रहेको जनाएको छ। विज्ञप्तिमा पश्चिमा मुलुकका कार्यहरूले चीनको आन्तरिक मामिलामा हस्तक्षेप गर्न खोजेको तथा अन्तर्राष्ट्रिय कानून एवं न्यूनतम मूल्य-मान्यतालाई नजरअन्दाज गर्न खोजिएको उल्लेख छ।

साथै बेलायतको पछिल्लो निर्णयले चीन-बेलायत सम्बन्धलाई गम्भीररूपमा असर पार्न सक्ने पनि विज्ञप्तिमा जनाइएको छ।

चीनका लागि बेलायती राजदूतलाई पनि चिनियाँ विदेश मन्त्रालयले बोलाएर कूटनीतिक विरोध जनाएको मन्त्रालयले जनाएको छ। प्रतिबन्ध लगाइएका बेलायती नागरिक एवं समूहलाई चिनियाँ भूभागको भ्रमणमा रोक लगाइएको छ भने चिनियाँ नागरिक एवं संस्थासँग आर्थिक कारोबारमा प्रतिबन्ध लगाइएको छ।

चीनले तयार पारेको प्रारम्भिक विवरणमा तत्कालका लागि नौजना बेलायती नागरिक र चारवटा संस्थामाथि प्रतिबन्ध घोषणा गरिएको छ, जसमा बेलायती सांसद इयान डङ्कन र कन्जर्भेटिभ पार्टीको मानव अधिकार आयोगसमेत छन्। सिनजियाङको विषयलाई लिएर चीन र पश्चिमा राष्ट्रबीच केही समयदेखि तिखा आरोप-प्रत्यारोप जारी छन्। पश्चिमा मुलुकहरूले चीनले सिनजियाङका १० लाखभन्दा बढी उइगुर र अन्य मुस्लिम अल्पसङ्ख्यक समूहलाई बन्दीझैं व्यवहार गरेको आरोप लगाइरहेका छन्।

चीनले यस क्षेत्रमा मानिसलाई जबरजस्ती दास बनाएको र जन्मदरलाई जबरजस्ती नियन्त्रण गरिरहेको पश्चिमा मुलुकको आरोप छ।

पछिल्लो समय युरोपेली युनियन, संयुक्त राज्य अमेरिका, बेलायत र क्यानडाले चारजना चिनियाँ अधिकारीमाथि सिनजियाङ मामिलालाई लिएर प्रतिबन्धहरू घोषणा गरेका छन्। पातलो बस्ती रहेको सिनजियाङमा कपास र अन्य कृषिजन्य उत्पादन हुने गर्दछ। पश्चिमा मुलुकहरूले यहाँ उत्पादित सामग्री खरीद नगर्ने पटक-पटक धम्की दिइआएका छन्।

चीनले प्रतिबन्ध घोषणा गरिएकाहरूमा राजनीतिकर्मीहरू, बुद्धिजीवीहरू र मानव अधिकारवादीहरू टम टुगेनढाट, निल ओब्रायन, नुस्रत घानी, हेलेना केन्नेडी, जियोफ्री निस र जोआना निकोला स्मिथ फिन्ले रहेका छन्। साथै चाइना रिसर्च ग्रुप, उइगुर ट्रिबुनल र इसेक्स कोर्ट च्याम्बर्स पनि प्रतिबन्धको सूचीमा समावेश छन्।

चीनका विभिन्न सरकारी निकाय र राज्य नियन्त्रित सञ्चारमाध्यमहरूले पनि पश्चिमा मुलुकका गतिविधिमाथि तिखो आलोचना गरिरहेका छन्।

सिनजियाङ सरकारले लामो विज्ञप्ति जारी गर्दै यस क्षेत्रमा पछिल्लो समय आर्थिक वृद्धि, राजनीतिक स्थायित्व र जनसङ्ख्या वृद्धि भएको दाबी गरेको छ। विज्ञप्तिमा अमेरिका, बेलायत, क्यानडा र अन्य क्षेत्रमा मानव अधिकार उल्लङ्घनका घटना भएको उल्लेख गरिएको छ। पश्चिमा राष्ट्रहरूले इराक र लिबियामा सैनिक हस्तक्षेप गरेकै कारण क्षेत्रीय अशान्ति फैलिएको पनि विज्ञप्तिमा दाबी गरिएको छ। रासस

## कार्यकालको पहिलो १०० दिनमा २० करोड मानिसलाई खोप

वाशिङ्टन, १३ चैत/सिन्हवा

अमेरिकी राष्ट्रपति जो बाइडेन प्रशासनको पहिलो सय दिनमा २० करोड नागरिकलाई कोरोना भाइरसको खोप लगाउने वाचा बाइडेनले गरेका छन्।

ह्वाइट हाउसको पहिलो पत्रकार सम्मेलनमा एक सय दिनमा बाइडेनले आफ्ना प्राथमिकताबारे उक्त कुरा बताएका छन्। बाइडेनले आफ्नो पहिलो १०० दिनमा २० करोड मानिसलाई खोप दिने बताएका थिए।

"मलाई थाहा छ यो लक्ष्य महत्त्वाकाङ्क्षी छ, हाम्रो यसअघिको लक्ष्यभन्दा यो दोब्बर हो तर यो लक्ष्यमा हामीले गरे जति अरू कुनै देश हाम्रोनजीक पनि आउन सकेका छैनन्, र मलाई विश्वास छ कि हामी यो वाचा पनि पूरा गर्न सक्छौं।"

अमेरिकामा अहिलेसम्म कोरोना भाइरसको खोपको करीब १३ करोड मात्रा दिइसकिएको छ। अमेरिकी स्वास्थ्य अधिकारी अनुसार दैनिक करीब २५ लाख खोपको मात्रा अहिले वितरण भइरहेको छ।

करीब एक घण्टा चलेको पत्रकार सम्मेलनमा बाइडेनलाई बन्दूक नियन्त्रणदेखि विदेश नीतिसम्मका थुप्रै विषयमा प्रश्न गरियो तर कुनै पनि पत्रकारले स्वास्थ्य सङ्कट र कोरोना भाइरसको महामारीबारे प्रश्न गरेनन्।



अमेरिकी राष्ट्रपति जो बाइडेन

### भारतमा एकै दिन ५९ हजारभन्दा बढी मानिस सङ्क्रमित

नयाँ दिल्ली/सिन्हवा

भारतमा ५९ हजार ११८ जना थप व्यक्तिमा कोरोना सङ्क्रमण देखिएपछि कुल सङ्क्रमितको सङ्ख्या एक करोड १८ लाख ४६ हजार ६५२ पुगेको मन्त्रालयले बिहीवार जानकारी दिएको छ।

गत २४ घण्टामा कोरोना सङ्क्रमणबाट २५७ जनाको मृत्यु भएपछि यहाँ कुल मृतकको सङ्ख्या एक लाख ६० हजार ९४९ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले शुक्रवार जानकारी दिएको छ।

सोही अवधिमा यहाँ कुल सङ्क्रमितमध्ये चार लाख २१ हजार ६६ जना अहिले पनि सङ्क्रमित अवस्थामैं रहेका छन् भने कुल एक करोड १२ लाख ६४ हजार ६३७ जना सङ्क्रमणमुक्त भएका छन्।

भारतमा गत जनवरीबाट कोरोना भाइरसविरुद्धको खोप अभियान शुरू भएको थियो। सो समयदेखि हालसम्म पाँच करोड ५० भन्दा बढीले खोप लगाइसकेका छन्।

त्यसैगरी, कोरोना परीक्षण गर्ने क्रम पनि चलिरहेको भारतीय चिकित्सा अनुसन्धान परिषद्ले जनाएको छ। परिषद्का अनुसार सोमवारसम्म भारतमा २३ करोड ८६ लाख तीन हजारभन्दा बढी व्यक्तिको कोरोना परीक्षण गरिएको छ। बिहीवार एकै दिनमा ११ लाख ७५६ हजारभन्दा बढीको कोरोना परीक्षण गरिएको समाचारमा जनाइएको छ। रासस

### देवी स्थानबाट.....

सामान्यभन्दा पनि आडम्बरतर्फ बढी आकर्षित छ। आडम्बर किन भनिएको हो भने विश्वप्रसिद्ध कथित सन्त आशाराम र रामरहिम जस्ता प्रवृत्ति जगजाहेर छ। यस सन्दर्भमा देहातको एक प्रचलित कहावत मेल खान्छ, 'रोगिया के भावे, उ वैदा फुर्मावे' अर्थात् मनुष्यको स्वभाव अनुकूल हिंड्ने कुटिल पात्रको बजारीकरण फस्टाउँदो छ। आम मानसिकतालाई 'हिप्नोटाइज' गर्ने र फाइदा कमाउने उद्यम बढ्दो छ। पश्चिमा संस्कृतिमा रमाउने हामी आफ्नै संस्कृतिको उत्थानप्रति गैरजिम्मेवार छौं।

होलीको शुभकामना आदानप्रदान गर्ने प्रवृत्तिलाई उत्तम र सराहनीय भन्नुपर्छ। यद्यपि त्यस्ता कार्यक्रमहरूमा लोकसंस्कृतिको उत्थानभन्दा राजनीतिक रङ्ग हावी छ। लोकसंस्कृतिको संरक्षणप्रति बेवास्ता किन ? जिम्मेवारी कसको हो ? स्थानीय सरकारको अग्रसरता पनि स्थानीय संस्कृतिको संरक्षण र उत्थानको सवालमा सन्तोषप्रद छैन।

वीरगंजमा बेला-बेला ठूला धार्मिक महोत्सव आयोजना गरिन्छ। उद्योगीहरूबाट चन्दा सङ्कलन गरेर ठूलो धनराशि खर्च गरिन्छ। यद्यपि स्थानीय लोकसंस्कृतिको उत्थान हुने प्रकृतिका कार्यक्रम कहिल्यै प्राथमिकतामा पर्दैनन्। लोपोन्मुख लोकसंस्कृतिको उत्थानप्रति सामाजिक र राजनीतिक नेतृत्व अपरिहार्य छ।

**लोकसेवाको तयारी**

निजामती सेवाः शाखा अधिकृत, प्राविधिक सहायक (प्रा.स.), नायब सुब्बा, महिला विकास निरीक्षक, खरिदार, अमिन (सर्वेक्षक), विद्यालय निरीक्षक, कृषि तथा भेटेनरी जेटिए)

शिक्षक सेवाः माध्यमिक तह, निमावि तह, प्राथमिक तह, टिचिङ लाइसेन्स, त्रि.वि. सेवा आयोगका विभिन्न तह

ACHIEVERS INSTITUTE

Birgunj-8, Panitanki (Near Decimal College)
9823389488, 9865415634, 9811299300

**Poonam Arts**

......A Complete art Solution

- Flex Print - Sticker Print
- Dps Board - Light Board
- Glowsing Board
- Wall Painting
- Stall Decoration
- 2D-3D Board
- Hoarding Board
- Digital Hoarding Board

National Trading, Main Road, Birgunj
Ph: 051-525653

**Om Advertising**

A Complete art Solution

3D Flex Print 2D

Flex Print, Backlit Print, inyle Print, Reflective Print, Hoarding Board, Glowsing Board, LED Board, Sticker Print, Wall Painting, Shutter Painting, Welcome Gate, Name/No. Plate

Parwanipur, Bara
9802818703, 9846418703

**Admission Open**

BBA (Bachelor of Business Administration)
BBA-TT (Bachelor of Business Administration-Travel & Tourism)
BCA (Bachelor of Computer Aplication)

CITIZEN COLLEGE
POKHARA UNIVERSITY AFFILIATE

Kumaripati, Lalitpur (Opposite to Mahayaan Petrol Pump)
01-5545684, 5545685, 9851000035

**रानीघाट-पोखरिया बस समिति**

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

## प्रदेश सांसद साहद्वारा शिवनगरमा धर्मशाला शिलान्यास

प्रस, गरुडा, १३ चैत/

रौतहटको शिवनगरस्थित गणिनाथ-गोविन्द मन्दिर परिसरभित्र धर्मशालाको शिलान्यास गरिएको छ।

कानु समाज कल्याण समिति रौतहटद्वारा होली मिलन तथा बाबा गणिनाथ गोविन्द महाराज यात्री धर्मशाला शिलान्यास समारोहमा प्रदेश सांसद बाबुलाल साह कानुले धर्मशालाको शिलान्यास गरेका हुन्।

प्रदेश सरकारले तत्काल विनियोजन गरेको बीस लाख रुपैयाँको लागतमा निर्माण हुने धर्मशालाको शिलान्यास भएको हो। प्रदेश सांसद साहले विभिन्न स्रोतबाट धर्मशालाको निर्माण कार्यलाई पूरा गराउने प्रतिबद्धता व्यक्त गर्दै सामाजिक कार्यमा अगाडि बढेर हरेकले समाजको सेवा गर्नुपर्ने बताए।

सो अवसरमा कटहरिया नगरपालिकाका वडाध्यक्ष सर्फलाल साह कानुले सामुदायिक कार्य गर्न सजिलो नभए पनि सबै मिलेर कार्य गर्दा कठिन काम पनि सजिलै गर्न सकिने बताए। समितिका जिल्ला अध्यक्ष जयप्रकाश साहको सभापतित्वमा भएको कार्यक्रममा स्वागत गर्दै रामनारायण साहले प्रगतिको



तस्वीरः प्रतीक

लागि सामूहिक एकता आवश्यक भएको बताए।

कार्यक्रममा उपस्थितहरूले होलीको शुभकामना एकापसमा आदानप्रदान गरेका थिए। हरेक वर्ष होलीको समयमा समितिले स्वजातीय मिलन समारोहको आयोजन गर्दै आएको छ। जिल्लाको मध्य भागमा साढे तीन कट्ठा जमीनमा निर्माण भएको गणिनाथ-गोविन्द मन्दिर परिसरमा धर्मशाला निर्माणको आरम्भ गरिएको हो।

कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधि तथा समाजसेवीहरूको सहभागिता थियो।

## आउँदो छठमा श्रीसिया नदी प्रदूषणमुक्त हुने -संयोजक पौडेल

प्रस, वीरगंज, १३ चैत/

श्रीसिया नदीको प्रदूषण सम्बन्धमा



छलफलमा मन्तव्य व्यक्त गर्दै संयोजक पौडेल। तस्वीरः प्रतीक

स्थलगत अनुगमन गरी सरोकारवालासँग उद्योग, वाणिज्य, श्रम तथा उपभोक्ता हित समितिका सदस्यहरूले बिहीवार छलफल गरेका छन्।

सांसद देवेन्द्र पौडेलको संयोजकत्वमा आएका समितिका सदस्य सांसदहरू कृष्णकुमार श्रेष्ठ, प्रमोद साह, भीमसेन दास प्रधान, मायादेवी न्यौपान र प्रदीप यादव सम्मिलित टोलीले श्रीसिया खोलाको स्थलगत अनुगमन गर्दै जिल्ला समन्वय समिति, पर्सामा सरोकारवालाहरूसँग छलफल गरेको थियो। जिसस पर्सामा आयोजित छलफल कार्यक्रममा सहभागी वडाध्यक्षहरू ब्रह्मदेवप्रसाद कुर्मी, तूफान अन्सारी, नगिनाप्रसाद साह कानूले श्रीसिया नदीको प्रदूषणबाट आमनागरिक प्रताडित भएको बताए। उनीहरूले लामो समयदेखि श्रीसिया नदी प्रदूषित भएको र सो सम्बन्धमा थुप्रैपटक सोधखोज गरिए पनि अहिलेसम्म समस्याको निराकरण नभएको बताए। उनीहरूले उद्योगहरूबाट पानी प्रशोधन नगरेर श्रीसिया खोलामा पठाउने गरेको कारण अहिलेसम्म नदी प्रदूषित भएको बताए। बाढी आउँदा श्रीसिया नदीको प्रदूषित पानी महानगरका विभिन्न वडामा प्रवेश गरेर हैजाको महामारी फैलाउने गरेको उनीहरूले बताए। नदी प्रदूषणमुक्त गर्ने कुरामा अभियान चलाउन उनीहरूले सुझाव दिए।

कार्यक्रममा सहभागी वडा नं २१ का अध्यक्ष प्रदीप साहले श्रीसिया नदी प्रदूषण हुनुमा उद्योगका साथै सरोकारवाला संस्थाहरू पनि जिम्मेवार रहेको आरोप लगाए। उनले वीरगंज चिनी कारखाना सञ्चालन हुँदा श्रीसिया नदीमा त्यहाँको प्रदूषित पानी व्यवस्थित तरीकाले प्रवाह गर्दै आएको तर अहिलेका उद्योगहरूले पानी प्रशोधन नगरी उद्योगको फोहर पानी खोलामा फाल्ने र सोको नियमनकारी संस्थाले दण्डित नगर्ने गरेको कारण समस्या बल्झिएको बताए। उनले चिनी कारखानाले चौध बिघा जग्गामा पोखरी बनाएको र त्यहाँ एक महीनासम्म कारखानाको प्रदूषित पानी सञ्चय गरेर महीनामा एकपटक मात्रै खोलामा फाल्ने गरेको बताए। अहिले जसले जसरी पनि फाल्दा कसैको रोकटोक नभएको कारण श्रीसिया नदी प्रदूषित भएको उनले बताए।

वीउवासङ्घका उपाध्यक्ष हरि गौतमले उद्योगलाई मात्र दोष थुपार्न नमिल्ने बताए। उनले उद्योगबाट प्रदूषित पानी विसर्जनको उचित व्यवस्थापन नभएको कारण श्रीसिया नदी प्रदूषित भएको बताए। उनले पानी प्रशोधनको लागि 'वाटर ट्रिटमेन्ट प्लान्ट' जडान गरिएको तर त्यो पनि सफल नभएको तर्क गरे। उनले हालको संरचनामा जिल्लाको पूर्वी क्षेत्र मात्र उद्योग व्यवसायबाट विकसित भएको तर पश्चिम क्षेत्र सोबाट वञ्चित भएको कारण आगामी दिनमा औद्योगिक कोरिडोरको स्थापना गरेर व्यवस्थितरूपमा उद्योग-व्यवसाय सञ्चालन गर्न वातावरण सृजना गर्नुपर्ने बताए।

कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी आसमान तामाङ, नगरप्रमुख विजयकुमार सरावगी, जिसस पर्साका सभापति नेकमहम्मद अन्सारी, उपसभापति ठाकुरप्रसाद न्यौपाने, प्रदेशसभा सदस्य करिमा बेगम, जन्नत अन्सारी, रमेशप्रसाद कुर्मीलगायतले मन्तव्यसहित सुझाव व्यक्त गरेका थिए।

समितिका संयोजक देवेन्द्र पौडेलले श्रीसिया खोला सफा गर्न सकिने ठोकुवा गरे। उनले एमाले सरकार भएको र आफू सोही सरकारको प्रतिनिधित्व गरेर आएको हुँदा श्रीसियालाई आगामी छठसम्म प्रदूषणमुक्त गर्ने आश्वासन दिए। उनले अबको छठमा श्रीसिया नदीको पानी सफा हुन्छ। पर्सा जिल्लाका सबै सम्बन्धित निकाय श्रीसिया नदी प्रदूषणमुक्त हुनुपर्ने पक्षमा भएकाले यसलाई सफा गर्न समस्या नभएको दाबी गरे।

### कपडा बैंकद्वारा.....

बृजेश्वरप्रसाद चौधरीले बताए।

चैत महीनाको चर्को घाममा पसिना चुहाउँदै यात्रु बोकेर गन्तव्यतर्फ जाँदै गरेका रिक्शाचालकहरूले अकस्मात् सित्तैमा कपडा पाउँदा आफूहरूलाई खुशी लागेको बताए।

संस्थाका संरक्षक सुरेन्द्र चौधरीको उपस्थितिमा भएको कपडा वितरण कार्यक्रममा राज होजियरीका राज साह, रम्भा मिश्र, ओमप्रकाश सर्राफ, जसपाल सिंह, कन्हैया पटेल, पत्रकार युवराज खड्का, राजेश मिश्रलगायतको सहभागिता थियो।

## नेतृत्व तथा उद्घोषण तालीम शुरू

प्रस, बिरुवागुठी, १३ चैत/

पर्सागढी नगरपालिकाको सहयोगमा



तस्वीरः प्रतीक

सो नगरपालिका-२ को कार्यालयमा नेतृत्व विकास तथा उद्घोषण तालीम शुक्रवारदेखि शुरू भएको छ। सृजनशील शिक्षा विकास केन्द्र पर्साको आयोजनामा बालबालिकाको लागि दुई दिने तालीम शुरू भएको हो।

वडा नं २ का अध्यक्ष वेदमनदास थारूले तालीम कार्यक्रमको उद्घाटन गर्दै आजका बालबालिका भोलिका कर्णाधार हुन् भन्दै तालीमबाट समाजमा कुशल क्षमतावान् उद्घोषक तथा नेतृत्व हाँक्न सक्ने जनशक्तिको विकास हुने विश्वास व्यक्त गरे। सो अवसरमा वडा सदस्य आत्माराम अधिकारी, घनश्याम चौधरी, मीरा चौधरी, सुनैनादेवी विश्वकर्मा, आयोजक संस्थाका सुस्मिताकुमारी चौधरीलगायतको सहभागिता थियो।

सञ्चारकर्मी बलिराम शुक्लले सहजीकरण गरेको तालीममा सहभागीहरूलाई प्रशिक्षक मनोज पन्त नेतृत्वको प्रशिक्षक टोलीले प्रशिक्षण दिइरहेका छन्।

# माउन्ड एडमन्डमा बाल महामूर्ख सम्मेलन

प्रस, वीरगंज, १३ चैत/

स्थानीय माउन्ट एडमन्ड माध्यमिक विद्यालयले प्रेम र सद्भावको पर्व फागुलाई स्वच्छता र सचेतनाको सन्देशसहित सम्पन्न गरेको छ।


म. अफजल हुसैन (बाल महामूर्ख), साबिर अली (बाल पटमूर्ख) र खेमराज चौधरी (बाल मूर्खराज) बायाँबाट। तस्वीरः प्रतीक

पछिल्लो एक वर्षदेखि कोरोना सङ्क्रमणको जोखिम झेल्दै आएकोमा विद्यालयद्वारा विद्यार्थी र अभिभावकमा आवश्यक स्वच्छता र कोभिड–१९ सँग जोगिने सचेतना फैलाउने माध्यमको रूपमा फागुको उपलक्ष्यमा आयोजित बाल महामूर्ख सम्मेलनलाई लिइएको छ।

विद्यालयको यस प्रयासलाई अभिभावकसमेतले प्रशंसा गरेका छन्। फागु वर्षमा एकचोटि आउँछ। यो आनन्द र सौहार्दको साटासाट गर्ने उत्सव पनि हो। यस परिस्थितिलाई बुझेर विद्यालयद्वारा यसको सिर्जनात्मक अभिव्यक्ति होस् भन्न बाल महामूर्ख सम्मेलन आयोजना गरिएको विद्यालयका प्रधानाध्यापक अनन्तकुमारलाल दासले बताए।

विद्यालयका अभिभावक रोहित गुप्ताले विद्यार्थीहरूलाई यस्तो पर्व मनाउनबाट वञ्चित गर्न नसकिने र सङ्क्रमणसँग जोगिने आवश्यक सावधानी पनि अपनाउनुपर्ने भएकोले सन्तुलन मिलाउन जुन काम विद्यालयले गरेको छ, त्यो सराहनीय भएको बताए।

पर्वलाई समकालीन परिस्थितिसँग जोडेर परिवर्तनकारी सन्देश दिने काम भयो भने पर्वको जीवन्तता झन् बढ्छ भन्ने धारणा कार्यक्रमका सभापति अर्जुन शम्शेर जबराले व्यक्त गरे भने अनीता चौरसिया र प्रमोद चौधरीले फागु र कोरोनासँग बच्ने उपाय सुझाएका थिए।

हास्य र व्यङ्ग्यले भरिएको सो कार्यक्रममा अङ्कको आधरमा म. अफजल हुसैनले बाल महामूर्ख, साबिर अलीले बाल पटमूर्ख र खेमराज चौधरीले बाल मूर्खराजको उपाधि हासिल गरेका थिए। कार्यक्रमको सहजीकरण कक्षा ८ की विपेक्षा सुवेदी र लीजा श्रेष्ठले गरेका थिए।

# घाटगड्डीको गोलियामा आगलागी लाखौंको क्षति

प्रस, निजगढ, १३ चैत/

बारा निजगढ नगरपालिका वडा नं ४ कछडिया सामुदायिक वन उपभोक्ता समूह र निजगढ नगरपालिका–८ बकैया–नागमणि सामुदायिक वन उपभोक्ता समूहको घाटगड्डी तामागढीमा रहेको गोलियामा आगलागी भएको छ। शुक्रवार दिउँसो करीब २ बजे आगलागी भएको हो। आगलागीबाट लाखौं मूल्यको गोलिया जलेर नष्ट भएको छ।




वन समूहको फास्ट ट्र्याकनजीकै वनमा लागेको डढेलो सल्किँदै फैलिएपछि पूर्व–पश्चिम राजमार्गनजीकै तामागढीमा रहेको घाटगड्डीमा राखिएका गोलियामा आगलागी भएको कछडिया सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष वीरेन्द्र ठाकुर र बकैया–नागमणि सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष रविराज दङ्गालले बताए। कछडिया सामुदायिक वन समूहको ८ वटा गोलिया जलेर पूर्णरूपमा नष्ट भएको अध्यक्ष ठाकुरले बताए। त्यसैगरी, बकैया–नागमणि सामुदायिक वन समूहको ४ वटा गोलियामध्ये दुई/दुई चट्टा जलेर नष्ट भएको अध्यक्ष दङ्गालले जानकारी दिए। सुक्खायाम लागे पनि वन समूहले घाटगड्डीवरिपरि झाडी, बुट्यान बेलैमा सरसफाइ नगर्दा नजीकैको वनमा लागेको डढेलो घाटगड्डीमा रहेको गोलियामा सहजै सल्किन पुगेको हो।

शुक्रवार दिनभर चलेको हावाका कारण आगोलाई नियन्त्रणमा लिन गाऱ्हो परेको थियो। निजगढ नगरपालिका, कोल्हवी नगरपालिका, जीतपुरसिमरा उपमहानगरपालिकाबाट आएका तीनवटा वारुणयन्त्र र नेपाली सेनाले फास्ट ट्र्याक निर्माणका लागि ल्याएको एउटा पानी टयाङ्करको सहायताले ५ घण्टापछि नेपाल प्रहरी, सशस्त्र प्रहरी, वन कर्मचारीलगायतको सहयोगमा आगो नियन्त्रणमा लिन सफल भएको हो।

आगलागीबाट लाखौं मूल्यको गोलिया जलेर नष्ट भएको र क्षतिको पूर्ण विवरण तयार भइरहेको तामागढी सबडिभिजन वन कार्यालय निजगढका प्रमुख एवं सहायक वन अधिकृत हरिनारायण साहले बताए।




# पोखरिया अस्पतालमा धर्ना स्थगित

प्रस, पोखरिया, ८ चैत/

पोखरिया अस्पतालको सञ्चालन तथा व्यवस्थापनको लागि प्रदेश सरकारबाट विनियोजित रकम तोकिएको शीर्षकमा खर्च गर्नुपर्ने माग गर्दै दोस्रोपटक धर्ना कार्यक्रम गरेका जसपाका केन्द्रीय सदस्य निजामुद्दीन समानीले चैत १२ गतेदेखि आन्दोलन स्थगित गरेका छन्।

पोखरिया नगरपालिकाका नगरप्रमुख दीपनारायण रौनियारले एक साताको समय माग गरी तत्काल दोस्रो चरणमा प्रदेश सरकारबाट विनियोजित रकम अनुसार टेन्डर आह्वान गरेको जानकारी गराएपछि आन्दोलन स्थगित गरिएको जसपाका केन्द्रीय सदस्य समानीले बताए। उनले नगरप्रमुखले एक साताको समय मागेको र आफूले दुई साताको समय दिएर चैत २५ गतेसम्म प्रक्रिया अगाडि नबढे पुनः आन्दोलन गर्ने चेतावनी दिए।

पोखरिया अस्पतालको सञ्चालन तथा व्यवस्थापनको लागि प्रदेश सरकारले रु ४ करोड ४ लाख विनियोजन गरेको तर पोखरिया नपाले सोअनुरूपको काम नगरेको भन्दै नेता समानीले योसमेत दुईपटक धर्ना दिएका थिए। अब चैत २५ गतेसम्मको समयसीमा दिइएको छ र सो अवधिमा काम अगाडि नबढाइए २६ गतेदेखि पुनः धर्ना दिने नेता समानीले बताए।

# खोलामा गाँजा बरामद

प्रस, सप्तरी, १३ चैत/

सप्तरीमा सशस्त्र प्रहरीले बेवारिसे अवस्थामा १८ किलो गाँजा बरामद गरेको छ। प्रहरी गस्ती टोलीलाई देखेपछि तस्करले छाडेर भागेको गाँजा प्रहरीले बरामद गरेको हो।

जिल्लाको बलान बिहुल गाउँपालिका–२ मा पर्ने बलान खोलामा बिहीवार राति प्रहरी टोली पुग्दा तस्कर समूह पनि गाँजा बोकेर सोही खोलामा आइपुगेको र प्रहरीलाई देख्ने बित्तिकै उनीहरू गाँजा फ्याँकेर फरार भएको गस्ती टोलीलाई उद्धृत गर्दै सशस्त्र प्रहरी उपरीक्षक राजु श्रेष्ठले जानकारी दिए। सशस्त्र प्रहरी बल बोर्डर आउट पोस्ट रामनगर कोदरकट्टीका प्रहरी निरीक्षक लालबहादुर खड्का नेतृत्वको गस्ती टोलीले गाँजा बरामद गरेको हो।

# खेलकूदको संसार

## भारतीय महावाणिज्य दूतावासद्वारा स्वतन्त्रता दौड

प्रस, वीरगंज, १३ चैत/

वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासको आयोजनामा शुक्रवार स्वतन्त्रता दौड आयोजना गरिएको थियो।




घण्टाघरबाट शुरू भएको सो दौड पावरहाउस चोक पुगेर समापन भएको थियो। वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासका महावाणिज्य दूत नितेश कुमार, प्रमुख जिल्ला अधिकारी आसमान तामाङले झन्डा देखाएर दौडको शुभारम्भ गरेका थिए। स्वतन्त्रता दौडमा वीरगंजका नागरिक समाज, जिल्ला प्रशासन कार्यालय, पर्साका कर्मचारी, चिकित्सक, विभिन्न सङ्घसंस्थाका प्रतिनिधि, सञ्चारकर्मीलगायतको सहभागिता थियो।

## सप्तरी मेयर कप : रूपनी राइडर्स र बजाज खडक वारियर्सबीच फाइनल

महबुब रजा, सप्तरी, १३ चैत/

विवेक यादव कप्तानीको बजाज खडक वारियर्स र कुशल भुर्तेल कप्तानीको रूपनी राइडर्स सप्तरीमा जारी तेस्रो संस्करणको राजविराज मेयर कप सप्तरी प्रिमियर लिगको फाइनलमा प्रवेश गरेका छन्।

शुक्रवार प्रतियोगिताको लिग चरणको अन्तिम खेलमा विवेक यादव कप्तानीको बजाज खडक वारियर्सले मेहबुब आलम कप्तानीको टिभिएस किंग्स राजविराजलाई २७ रनअन्तरले पराजित गर्दै अङ्कतालिकाको शीर्षस्थानमा रहेरफाइनलमा पुग्न सफल भएको हो। अङ्कतालिकामा दोस्रो स्थानमा रहँदै रूपनी राइडर्स पनि फाइनलमा प्रवेश गऱ्यो। वारियर्स र राइडर्स दुवैले लिग चरणमा ४ खेल खेल्दा समान ३ जीत र १ हार बेहोरे। शनिवार दुई टिमबीच उपाधिको लागि प्रतिस्पर्धा हुनेछ।

राज रङ्गशालामा सम्पन्न खेलमा वारियर्सले दिएको १८२ रनको लक्ष्य पछ्याउने क्रममा किंग्सले पूरै २० ओभर ब्याटिङ गरे तापनि ७ विकेट क्षतिमा १५४ रन मात्र बनाउन सक्यो। किंग्सको लागि रोबिन सिंहले अर्धशतकीय योगदान दिने क्रममा २२ बलमा ५ चौका र ४ छक्का प्रहार गर्दै अविजित ५१ रन बनाए। सुरज कुर्मीले ३६, प्रशान्त सिंहले २४ तथा सोनु अन्सारीले १६ रनको योगदान दिए। वारियर्सको बलिङमा गोमानन्द अमात्य, भुलावन सहनी र अनिल खरेलले समान २ विकेट लिए भने पप्पु यादवले १ विकेट लिए। यसअघि टस जितेर ब्याटिङ गरेको वारियर्सले निर्धारित २० ओभरमा ४ विकेटको क्षतिमा १८१ रन बनाएको थियो।

वारियर्सको लागि ओपनर अनिल साहले सर्वाधिक ७० रनको योगदान दिए, जसमा उनले ४९ बलमा ९ चौका र २ छक्का प्रहार गरे। कप्तान विवेक यादवले १४ बलमा १ चौका र ५ छक्का प्रहार गर्दै ३७ रन बनाए। नीरज यादवले ३२ तथा पवन सर्राफले १८ रन बनाए। किंग्सको बलिङमा रोबिन सिंह, मेहबुब आलम र दिनेश अधिकारीले समान १/१ विकेट लिए। खेलको प्लेयर अफ दि म्याच अनिल साह चुनिए।

# प्रदेश मामिला समितिद्वारा सीमाको अनुगमन

सुग्रीवप्रसाद साह, भिस्वा, १३ चैत/

प्रदेश २ का आठ जिल्लाको सीमा सम्बन्धमा प्रदेश मामिला समितिले शुक्रवारदेखि स्थलगत निरीक्षण शुरू गरेको छ।


सीमामा स्थानीयसँग छलफल गर्दै प्रदेशसभा सदस्य कुर्मीलगायत। तस्वीरः प्रतीक

पर्सा जिल्लाबाट शुरू गरिएको सीमा निरीक्षणको क्रममा आज भिस्वा, बर्वा, अलौं र श्रीसियाको अनुगमन गरिएको प्रदेशसभा सदस्य एवं समितिका सदस्य रमेशप्रसाद कुर्मीले बताए। उनले आजदेखि सीमा निरीक्षण शुरू भएको र आठ जिल्लाका सीमाको अनुगमन गरिने बताए। आज गरिएको सीमा अनुगमनको क्रममा नेपालतर्फका मानिसहरूले जनपद र सशस्त्र प्रहरीबाट सहयोग नभएको गुनासो गरेको बताए। उनले किसानलगायतका मानिसहरूले भारतीय सीमा सुरक्षा बलले नेपालीहरूलाई भारतबाट ल्याउने सामानमा सहजीकरण गर्दै आए पनि नेपालका सुरक्षाकर्मीहरूबाट भने दुःख पाउने गरेको बताए।

प्रदेश मामिला समितिका सभापति प्रदेशसभा सदस्य अशोककुमार यादवको अध्यक्षतामा आजदेखि शुरू भएको सीमा अनुगमन टोलीमा डा रीना यादव, शोभा राणालगायत सातजना प्रदेशसभा सदस्य रहेको प्रदेशसभा सदस्य कुर्मीले जानकारी गराए। उनले सीमा सिल भएयता एक वर्षको अवधिमा वैवाहिक कार्यक्रमलगायत अन्य सामाजिक कार्य प्रभावित भएको दुवैतर्फका सीमामा बस्ने मानिसहरूले गुनासो गरेको बताए। अनुगमनको क्रममा नेपालतर्फका मानिसहरूले मूल बाटो बन्द गरिए पनि चोरबाटोबाट सबै काम हुँदै आएको बताए। उनीहरूले मूलबाटो बन्द राख्नुको औचित्य नरहेको पनि गुनासो गरे।

# विकृतिविरुद्ध युवाले सक्रियता देखाउन आग्रह

प्रस, पोखरिया, १३ चैत/

नेपाली काङ्ग्रेस, पर्साका नेता जनार्दन सिंह क्षत्रीले सामाजिक विकृतिविरुद्धको अभियानमा युवाहरूलाई सक्रियता देखाउन आग्रह गरेका छन्।

पोखरिया युवा क्लबद्वारा शुक्रवार आयोजित होली मिलन समारोहका प्रमुख अतिथि नेता क्षत्रीले युवाहरूलाई रोजगारमा आबद्ध भएर समाजसेवा गर्न सुझाव दिए। उनले रोजगारयुक्त भएर समाजसेवामा आबद्ध भएको खण्डमा मात्र युवाहरू दबाबमुक्त हुने बताए। उनले यसो नगर्दा कुनै पनि राजनीतिक दलका युवाहरू नेताको पिछलग्गु हुनुपर्ने बाध्यकारी अवस्था रहने हुँदा कुनै पनि रोजगारमा लाग्नुपर्ने सुझाव दिए।

पोखरिया युवा क्लबका अध्यक्ष अफरोज आलमको अध्यक्षतामा सम्पन्न होली मिलन समारोहमा संविधानसभा सदस्य रामेश्वर रौनियार, प्रद्युम्न चौहान, नगर उपप्रमुख सलमा खातुन, ठाराब क्याम्पसका पूर्व प्रमुख ललन द्विवेदी, शङ्कर यादव, वडाध्यक्ष लक्ष्मण साह कानू, अजय गुप्ता, रामबाबू बैठा, सञ्चारकर्मी धर्मेन्द्र चौरसियालगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा क्लबका सल्लाहकार कौशलकिशोर साहले स्वागत र राजु गिरीले सहजीकरण गरेका थिए।

# बहुअरीमा अपाङ्गहरूलाई राहत वितरण

प्रस, वीरगंज, १३ चैत/

इम्प्याक्ट नेपाल र रूँगटा वेलफेयर कान उपचार केन्द्रले शुक्रवार परवानीपुर गाउँपालिका–५ बहुअरीमा राहत वितरण गरेको छ।




बहुअरीका २९ जना अपाङ्गता भएकाहरूलाई ३० किलो चामल, २ किलो चिनी, ३ किलो दाल, २ लिटर तेल, २ किलो नून र ४ वटा नुहाउने साबुन वितरण गरिएको थियो। राहत वितरण कार्यक्रममा वडाध्यक्ष रामेश्वरप्रसाद कलवारलगायत सहभागी थिए।